# सूचना मेरो अधिकार

त्रैमासिक बुलेटिन

/rtinepal /suchanaayog

वर्ष ४ | अङ्क ४ | बैशाख - असार (२०८१)


यस भित्र



'सूचनाको हकप्रति कतिपय स्थानीय तहका जनप्रतिनिधि अनुदार'

पृष्ठ ९




ICIC को १५ औं वार्षिक सम्मेलन सम्पन्न

पृष्ठ ७

# सूचनाको हक लोकतन्त्रप्रति जनताको भरोसा जागृत गराउने सबैभन्दा उपयुक्त औजार : राष्ट्रपति पौडेल

सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलले सूचनाको हक लोकतन्त्रमा शासन प्रणालीलाई पारदर्शी तथा जवाफदेही बनाउने, बेथिति अन्त्य गर्ने, सुशासन कायम गर्ने, लगानीको सदुपयोग गरेर जनतामा सेवा प्रवाह अभिवृद्धि गर्ने र यही व्यवस्थामा मात्र मेरो भविष्य सुरक्षित छ भनेर लोकतन्त्रप्रति जनताको भरोसा जागृत गराउने सबैभन्दा उपयुक्त औजार भएको बताउनु भएको छ। राष्ट्रिय सूचना आयोगको १७ औं स्थापना दिवसका अवसरमा आयोगद्वारा २०८१ बैशाख २२ गते राष्ट्रपति निवासमा आयोजित कार्यक्रममा प्रमुख अतिथिको आशनबाट बोल्दै सम्माननीय राष्ट्रपति पौडेलले जनताले आफूले तिरेको कर कहाँ, कसरी खर्च भइरहेको छ भनेर जान्न पाउने स्वाभाविक हक भएको बताउँदै सूचनाको हकले नागरिकको सशक्तीकरणमात्र होइन, सरकारलगायत सबै सार्वजनिक निकायलाई जिम्मेवार बनाउने र सरकारले गरेका काम, कारवाहीबारे जनतालाई सुसूचित पनि गराउने बताउनु भयो।

राष्ट्रपति पौडेलले लोकतन्त्र सर्वशक्तिमान नागरिक र नागरिकको स्वतन्त्रताको सर्वोच्चता स्थापित गर्ने दर्शनबाट अभिप्रेरित व्यवस्था भएको प्रसङ्ग उल्लेख गर्दै सुसूचित नागरिकमात्रै सर्वशक्तिमान हुनेमा जोड दिनु भयो।



राष्ट्रपति पौडेलले भन्नु भयो- कानुन कार्यान्वयन भएको यो अवधिमा कार्यान्वयनको कोणबाट सन्तोषजनक अवस्था देखिए पनि संविधान र कानुनले राखेको पवित्र उद्देश्य पूरा हुने अवस्था अझै बनिसकेको छैन। अझै पनि करोडौं नेपाली जनता आफ्नो यो मौलिक हकबारे अनभिज्ञ छन्। यसका लागि सूचनाको हकको प्रभावकारी कार्यान्वयन जरुरी छ र यसमा आपूर्ति पक्ष जति संवेदशनशील हुन आवश्यक छ, त्योभन्दा बढी जनता आफै आफ्नो अधिकार प्राप्त गर्न तयार देखिऊन् भनेर जागरण ल्याउन आवश्यक छ। गोप्य संस्कृतिबाट हुर्किएको समाज र विशेषगरी कर्मचारीतन्त्रलाई पारदर्शी र जवाफदेही बनाएर जनतालाई शासन प्रणालीको खबरदारी गर्ने शसक्त हकदार बनाउने जिम्मेवारी चानचुने प्रयासबाट सम्भव नरहेको उल्लेख गर्दै राष्ट्रपति पौडेलले सूचनाको हकको कार्यान्वयनका लागि सबैको निरन्तर र दृढ प्रयास जरुरी रहेको बताउनु भयो।



कार्यक्रमका विशिष्ट अतिथि माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माले सूचनाको हकलाई संविधानले मौलिक हकको रुपमा स्थापित गरेको प्रसङ्ग उल्लेख गर्दै यसको मुख्य उद्देश्य नागरिकलाई सशक्त बनाउनु रहेको बताउनु भयो। आफूले जान्न खोजेको विषयको सूचना सहजै प्राप्त गर्न सके नागरिक सशक्त बन्ने उल्लेख गर्दै नागरिकको सशक्तीकरण र सचेतताले लोकतन्त्र बलियो बनाउनेमा मन्त्री शर्माले जोड दिनु भयो।

लोकतन्त्र बलियो बनाउने र दिगो शान्ति कायम गर्दै समृद्ध राष्ट्र निर्माण गर्ने कार्यभार पूरा गर्न पनि सूचनाको हकको प्रभावकारी कार्यान्वयन आवश्यक रहेकोले यसको कार्यान्वयनका लागि सरकारको दृढता र प्रतिबद्धता व्यक्त गर्दै सूचनाको हक जनताले सार्वजनिक निकायले चाहेको बेला दिने ऐच्छिक नभई नागरिकले मागेको बेलामा दिनैपर्ने अनिवार्य दायित्व हो भनेर स्थापित गर्न आवश्यक रहेको बताउनु भयो।

सूचनाको हकको महत्वपूर्ण उद्देश्य पारदर्शिता भएको र पारदर्शिताको उद्देश्य सुशासन रहेकोमा जोड दिंदै वर्तमान सरकारको मुख्य जोड सुशासन र सेवा प्रवाहलाई सरलीकरण गर्नेतिर केन्द्रित रहेकाले पनि सूचनाको हकको कार्यान्वयन सरकारको कार्यसम्पादन प्रभावकारी बनाउन पनि सहयोगी हुने विश्वास मन्त्री शर्माले व्यक्त गर्नु भयो। सूचनाको हक लोकतन्त्र र जनताको दैनिक जीवनसँग जोडिएको महत्वपूर्ण आधारस्तम्भ भए पनि जनस्तरमा अझै यसम्बन्धी सचेतनाको अभाव देखिएको प्रसङ्ग उल्लेख गर्दै यसका लागि राष्ट्रिय सूचना आयोगले अझ बढी नागरिक तहसम्म पुगेर काम गर्ने सरकारको विश्वास रहेको पनि मन्त्री शर्माले बताउनु भयो।

कार्यक्रमका अध्यक्ष तथा आयोगका प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरुङले सूचनाको हकसम्बन्धी व्यवस्था नेपालको संविधानमा राख्न, सूचनाको हकसम्बन्धी ऐन ल्याउन योगदान गर्ने महानुभावहरुको स्मरण गर्दै लोकतन्त्रको संस्थागत विकासका निम्ति



राज्यको कामकारबाही र सार्वजनिक सूचनामा नागरिकको सहज पहुँच हुनुपर्नेमा जोड दिनु भयो। नागरिक सुसूचित भएमा नै नागरिक नियन्त्रित सरकारको विकास हुन सक्ने उल्लेख गर्दै सूचनाको हकले शासकीय व्यवस्थामा पारदर्शिता र जवाफदेहिता कायम गर्दै नागरिकको सशक्तीकरणद्वारा सुशासनको प्रबर्द्धन र लोकतन्त्रको सुदृढीकरण गर्ने धारणा व्यक्त गर्नु भयो। सूचनाको हकलाई मानवअधिकारको रुपमा विश्वव्यापी स्वीकार गरिएको भए पनि कार्यान्वयनका लागि अपेक्षित रुपमा सरकारको प्राथमिकतामा पर्न नसकेको अवस्था उल्लेख गर्दै प्रमुख सूचना आयुक्त गुरुङले आयोगले गरेको कार्यक्रमको प्रभाव र सक्रियताले सुशासनको क्षेत्रमा सकारात्मक योगदान दिएको अनुभव सुनाउनु भयो।

लाल आयोगको प्रतिवेदन, ३३ किलो सुनसम्बन्धी प्रतिवेदनजस्ता प्रतिवेदन सार्वजनिक गर्न आयोगले गरेको आदेशको प्रसङ्ग उल्लेख गर्दै प्रमुख सूचना आयुक्त गुरुङले यस्ता प्रतिवेदनहरु गोप्य राख्न जरुरी छैन र सार्वजनिक हुनु देश र जनताका लागि फाइदाजनक हुने रहेछ भन्ने घटनाक्रमले प्रमाणित गरेको बताउनु भयो। यस्ता प्रतिवेदन गोप्य रहँदा हुनसक्ने चलखेल देशका लागि घातक हुनसक्ने देखेर नै आयोगले सार्वजनिक गर्न अनुरोध तथा आदेश जारी गरिरहेको प्रसङ्ग उल्लेख गर्दै



सार्वजनिक गर्दा दुरुपयोग हुन सक्छ भन्ने मानसिकताबाट माथि उठेर आफ्ना नागरिकलाई विश्वास गर्नु पर्नेमा जोड दिनु भयो।

सूचनाको हकलाई स्थानीय तहसम्मका सार्वजनिक निकाय, नागरिक तथा सूचनाको हकका अभियन्तासम्म पुऱ्याउने तथा सूचनाको हकसम्बन्धी कानुनी व्यवस्थाको पालना गर्न/गराउन आयोगले उत्प्रेरित गर्ने कार्य गरिरहेको उल्लेख गर्दै कतिपय सन्दर्भमा जनप्रतिनिधिहरु नै सूचना सार्वजनिक गर्नेतर्फ सकारात्मक हुन नसक्दा आयोग चिन्तित हुने बताउनु भयो। पारदर्शिता, जनसहभागिता र सुशासनको नारा दिएर निर्वाचित जनप्रतिनिधिले त्यसो भन्नु सुहाउने विषय नभएको उल्लेख गर्दै प्रमुख सूचना आयुक्त गुरुङले सुशासन कायम गर्न गठन तथा निर्माण भएका संस्थाहरु नै पारदर्शितामा कमजोर हुनु, सूचना दिन हिच्किचाउनु दुःखद रहेको बताउनु भयो।



सूचना मागकर्ता नागरिकलाई सूचना माग गर्न सजिलो होस् र सार्वजनिक निकायका पदाधिकारीलाई सूचना प्रवाह गर्न सहज भन्नका खातिर आयोगले सार्वजनिक निकाय र सूचना मागकर्ताका लागि छुट्टाछुट्टै सहयोगी पुस्तिका प्रकाशन गरी वितरण गरिहेकोमा सूचना माग गर्ने थारु, मैथिली, भोजपुरी र अवधी भाषीलाई सो विषयमा सहज होस् भेनर ती भाषामा हाते पुस्तिका प्रकाशन गरी वितरण गर्दा सूचनाको हकलाई अझ धेरै नेपाली माझ पुऱ्याउन सकिनेछ भन्ने विश्वास आयोगले लिएको प्रमुख सूचना आयुक्त गुरुङले बताउनु भयो।

राष्ट्रिय सूचना आयोगका आयुक्तद्वय कमला ओली थापा र रत्नप्रसाद मैनाली, नेपाल सरकारका सचिवहरुलगायत विशिष्ट व्यक्तित्वहरुको सहभागिता रहेको सो कार्यक्रमका सहभागीलाई आयोगका सचिव होम प्रसाद लुइटेलले स्वागत गर्नु भएको थियो। आयोगका उपसचिव सन्तोष कुमार दाहालले सञ्चालन गर्नु भएको कार्यक्रममा नेपाल पत्रकारका महासंघका सभापति विपुल पोखरेल तथा सूचनाको हकका लागि राष्ट्रिय महासंघका सभापति उमिद बागचन्दले पनि मन्तव्य व्यक्त गर्नु भएको थियो। ■

# जर्नल र हाते पुस्तिका राष्ट्रपतिलाई हस्तान्तरण

राष्ट्रिय सूचना आयोगको १७ औं स्थापना दिवसका अवसरमा राष्ट्रपति कार्यालयमा आयोजित समारोहमा नागरिक अधिकार तथा सुशासनका क्षेत्रमा क्रियाशील विशिष्ट व्यक्तित्वहरुले सूचना माग गर्ने र प्राप्त गर्ने नागरिकको मौलिक हकको प्रयोगमा देखिएका समस्या तथा राष्ट्रिय सूचना आयोग, अभियन्ता, पत्रकार, नागरिकलगायत समाजका विभिन्न पक्षबाट यस क्षेत्रमा भएका र हुनुपर्ने कामका विषयमा केन्द्रित रहेर तयार पारिएको सूचनाको अधिकार (A Journal of RTI) पुस्तिका सम्माननीय राष्ट्रपतिलाई आयोगका सूचना आयुक्त रत्नप्रसाद मैनालीले हस्तान्तरण गर्नु भयो।

सोही अवसरमा सूचनाको हकको कार्यान्वयन सहज होस् भन्ने ध्येयबाट सूचना मागकर्ता नागरिकका लागि मैथली, भोजपुरी, अवधी र थारु भाषामा आयोगको तर्फबाट तयार पारिएका सहयोगी पुस्तिका समेत सम्माननीय राष्ट्रपतिलाई आयोगका सूचना आयुक्त कलम ओली थापाले हस्तान्तरण गर्नु भएको थियो। ■



# उत्कृष्ट अभियन्ता, सूचना अधिकारी र कर्मचारी पुरस्कृत



सूचनाको हकको कार्यान्वयनका सन्दर्भमा सूचना माग गरेर सार्वजनिक निकायलाई खवरदारी गर्ने, नागरिकलाई सूचना माग गर्न प्रेरित गर्ने तथा सुशासन र पारदर्शिता कायम गर्न सूचनाको हकको क्षेत्रमा क्रियाशील अभियन्ताको महत्वपूर्ण भूमिका रहेको हुन्छ। यो क्षेत्रमा यतिबेला सूचनाको हकको अभियन्ता सक्रियतापूर्वक संरलग्न रहेका छन्। सूचनाको हकको प्रयोग गरी सार्वजनिक निकायका पदाधिकारीलाई नागरिकप्रति जवाफदेही बनाउने र सुशासन कायम गर्न योगदान दिने अभियन्तालाई प्रोत्साहन गर्न राष्ट्रिय सूचना आयोगले प्रत्येक वर्ष विनय कसजु उत्कृष्ट अभियन्ता पुरस्कारबाट पुरस्कृत गर्दै आएको छ। यस वर्ष सिरहा न.पा.७, सिरहाका परशुराम साह, पोखरा म.न.पा- १६, कास्कीका यदुनाथ बञ्जारा, हेटौंडा उ.म.न.पा -८, मकवानपुरका इन्द्र प्रसाद बञ्जारा र मेलम्ची.न.पा-१०, सिन्धुपाल्चोकका आदित्य दाहाल यस वर्ष सो पुरस्कारबाट पुरस्कृत हुनुभएको छ।

त्यसैगरी नागरिकले माग गरेको सूचना सहज रुपमा उपलब्ध गराई संविधान र कानुनले दिएको जिम्मेवारी पूरा गर्न सकारात्मक योगदान दिने सार्वजनिक निकायका सूचना अधिकारी उत्कृष्ट सूचना अधिकारीलाई पनि आयोगले प्रत्येक वर्ष पुरस्कार प्रदान गर्दै आएको छ। सूचना प्रवाहमा सकारात्मक योगदान पुऱ्याई यस वर्ष पुरस्कृत हुनेहरुमा पञ्चदेवल विनायक नगरपालिका, अछामका सूचना अधिकारी ललितबहादुर बुढा, घ्याङलेख गाउँपालिका, सिन्धुलीका सूचना अधिकारी किशोर कुमार वाइवा, गल्कोट नगरपालिका, बाग्लुङका सूचना अधिकारी तुल बहादुर वि.क., दंगीशरण गाउँपालिका, दाङका सूचना अधिकारी टेक बहादुर खत्री र धनकुटा नगर कार्यपालिकाको कार्यालय, धनकुटाका सूचना अधिकारी डम्बर रोगु रहनु भएको छ।

सूचनाको हकको कार्यान्वयनका लागि महत्वपूर्ण योगदान पुऱ्याउने राष्ट्रिय सूचना आयोगमा कार्यरत कर्मचारीलाई पनि आयोगले प्रत्येक वर्ष पुरस्कृत गर्दै आएको छ। यस वर्ष आयोगमा कार्यरत शाखा अधिकृत हरिहर कार्की, नायव सुब्बा शान्ता न्यौपाने, लेखापाल लक्ष्मण अर्याल र कम्प्युटर अपरेटर गौरव गुरुङ उत्कृष्ट कर्मचारी पुरस्कारबाट पुरस्कृत हुनु भएको छ।

पुरस्कृत सबै महानुभावलाई आयोगको १७ औं स्थापना दिवसका अवसरमा राष्ट्रपति भवनमा आयोजित कार्यक्रममा सम्माननीय राष्ट्रपतिद्वारा नगद पुरस्कारसहित पुरस्कृत गरिएको थियो। ■

# सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलबाट राष्ट्रिय सूचना आयोगको स्थापना दिवसका अवसरमा गर्नुभएको सम्बोधनको पूर्ण पाठ



*कार्यक्रमका अध्यक्ष तथा प्रमुख सूचना आयुक्त, आयुक्तहरू*
*माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री*
*उपस्थित महिला तथा सज्जनवृन्द ।*

नेपाली जनताले पटक, पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन, सङ्घर्ष, त्याग र बलिदानका कारण प्राप्त मौलिक हकहरूमध्ये अत्यन्त महत्वपूर्ण मानिएको सूचनाको हकको प्रवर्द्धन, सम्बर्द्धन र प्रचलनका लागि स्थापित राष्ट्रिय सूचना आयोगको १७ औं स्थापना दिवसका अवसरमा म आयोग परिवार तथा सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु । नेपाली जनताको मौलिक हकको प्रवर्द्धन, सम्बर्द्धन र प्रचलनको काममा लागिरहेको आयोगको स्थापना दिवसका अवसरमा तपाईँहरूमाझ उपस्थित हुन पाउँदा मलाई खुसी लागेको छ ।

लोकतन्त्र सर्वशक्तिमान नागरिक र नागरिकको स्वतन्त्रताको सर्वोच्चता स्थापित गर्ने दर्शनबाट अभिप्रेरित व्यवस्था हो । सुसूचित नागरिकमात्रै सर्वशक्तिमान हुन्छ र उसको स्वतन्त्रताको सर्वोच्चता स्थापित हुन्छ भन्ने मूल मान्यता र दर्शनका आधारमा लोकतान्त्रिक व्यवस्थामा जनतालाई शासन प्रणाालीबारे सबै सूचना जान्न पाउने मौलिक हकको व्यवस्था गरिएको हुन्छ । त्यही भएर हाम्रो संविधानको धारा २७ ले प्रत्येक नेपाली नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको सूचना माग्ने र प्राप्त गर्ने मौलिक हकको व्यवस्था गरेको हो ।

लोकतन्त्रमा शासन प्रणालीलाई  पारदर्शी तथा जवाफदेही बनाउने, बेथिति अन्त्य गर्ने, सुशासन कायम गर्ने, लगानीको सदुपयोग गरेर जनतामा सेवा प्रवाह अभिवृद्धि गर्ने र यही व्यवस्थामा मात्र मेरो भविष्य सुरक्षित छ भनेर लोकतन्त्रप्रति जनताको भरोसा जागृत गराउने सबैभन्दा उपयुक्त औजार सूचनाको हक हो । जनताले आफूले तिरेको कर कहाँ, कसरी खर्च भइरहेको छ भनेर जान्न पाउने उनीहरूको स्वाभाविक हक पनि हो यो । सूचनाको हकले नागरिकको सशक्तीकरणमात्र होइन, सरकारलगायत सबै सार्वजनिक निकायलाई जिम्मेवार पनि बनाउँछ र सरकारले गरेका काम, कारवाहीबारे जनतालाई सुसूचित पनि गराउँछ । यही पवित्र उद्देश्यसहित संविधानको त्यही व्यवस्था अनुसार सूचनाको हकसम्बन्धी ऐन २०६४ जारी भई अहिले कार्यान्वयनमा आएको पनि झण्डै १८ वर्ष भइसकेको छ ।

कानुन कार्यान्वयन भएको यो अवधिमा आयोग तथा सूचनाको हकका अभियन्ताहरूको अथक मेहनत र सार्वजनिक निकायका पदाधिकारी तथा कर्मचारीहरूको आफूलाई रुपान्तरणको सोचबाट यसको कार्यान्वयनमा सन्तोषजनक अवस्था देखिए पनि संविधान र कानुनले राखेको पवित्र उद्देश्य पूरा हुने अवस्था अझै बनिसकेको छैन । अझै पनि करोडौं नेपाली जनता आफ्नो यो मौलिक हकबारे अनभिज्ञ छन् । यसका लागि सूचनाको हकको प्रभावकारी कार्यान्वयन जरुरी छ र यसमा आपूर्ति पक्ष जति संवेदशनशील हुन आवश्यक छ, त्योभन्दा बढी जनता आफै आफ्नो अधिकार प्राप्त गर्न तयार देखिऊन् भनेर उनीहरूमा जागरण ल्याउन अत्यन्त आवश्यक छ भन्ने म ठान्दछु ।

संविधानको मर्म र कानुनको व्यवस्था अनुसार स्थापित राष्ट्रिय सूचना आयोगले आफ्नो जिम्मेवारी निर्वाह गरिरहेको अवस्था देखिन्छ । आजमात्र ४ वटा राष्ट्र भाषा मैथिली, अवधी, थारु र भोजपुरीमा प्रकाशित सूचना मागकर्ताका लागि सहयोगी पुस्तिकाका कारण बहुसङ्ख्यक नेपालीमाझ सूचनाको हक पुऱ्याउन सहयोग पुग्ने विश्वास मैले गरेको छु । यसैगरी थप राष्ट्रभाषाहरूमा पनि यी प्रकाशन गर्न सकियो भने थप उपलब्धिपूर्ण हुनेछ भन्ने मलाई लाग्दछ । सूचनाको हकको नियामक निकायका रुपमा स्थापित सीमित साधन, स्रोत भएको आयोगबाट नागरिकमा आफ्नो अधिकारको प्रयोगको जागरण ल्याउने तथा कानुनको प्रभावकारी कार्यान्वयनको सबै जिम्मेवारी हो भन्ने ठान्नु उपयुक्त हुँदैन । यसका लागि सरकारको गम्भीर ध्यान जान जरुरी छ । र, जनताको अधिकारका लागि लामो सङ्घर्ष, बलिदान र त्याग गरेका राजनीतिक दलहरूको पनि कर्तब्य हो भन्ने म ठान्दछु । विकास निर्माणमा नेपाली जनताको अर्थपूर्ण सहभागिता लोकतन्त्र सदृढीकरणका लागि अत्यन्त आवश्यक छ । यसका लागि पारदर्शिता नै मुख्य विषय हो, जुन सूचनाको हकले नै प्रत्याभूत गर्नेछ ।

गोप्य संस्कृतिबाट हुर्किएको हाम्रो समाज र विशेषगरी कर्मचारीतन्त्रलाई पारदर्शी र जवाफदेही बनाएर जनतालाई शासन प्रणालीको खबरदारी गर्ने शसक्त हकदार बनाउने जिम्मेवारी चानचुने प्रयासबाट सम्भव छैन । यसमा हामी सबैको निरन्तर र दृढ प्रयास जरुरी छ भन्ने मलाई लाग्दछ ।

स्वाभाविक रुपमा सबै सूचना सार्वजनिक हुँदैनन् । देशको सार्वभौसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, शान्ति सुव्यवस्था, छानविन तथा तहकिकातको विषय वा अन्तर्राष्ट्रिय सम्बन्ध, वैयक्तिक गोपनीयताजस्ता ५ प्रकारका विषयहरूमा गम्भीर खलल, असर तथा आघात पर्ने भएमा सूचना प्रवाह गर्न सार्वजनिक निकायहरू बाध्य हुँदैनन् । तर यसरी संरक्षण गरेर राखिने विषयहरू पनि जनताकै हितका लागि हुन् भन्ने हामीले बिर्सन हुन्न ।

सार्वजनिक निकायले प्रत्येक नेपाली नागरिकको हकको सम्मान गर्न सक्नुपर्दछ । नेपाली नागरिकको सद्भाव, माया र विश्वास अनि मतका कारण देश विकासको महत्वपूर्ण जिम्मेवारी लिन पाइरहेको सन्दर्भमा तिनै नागरिकलाई बिर्सने, निर्णय प्रक्रियामा सहभागी नगराउने र उनीहरूले संविधान र कानुनबमोजिम सूचना माग्दा तर्सिने वा झर्किने अवस्था लोकतान्त्रिक चरित्र हुन सक्दैन । यसतर्फ पनि सबै सार्वजनिक निकायको ध्यानाकर्षण गराउन चाहन्छु ।

अन्त्यमा , पुरस्कृत अभियन्ता, सूचना अधिकारी र आयोगका कर्मचारीलाई हार्दिक बधाई दिंदै लोकतन्त्रको संस्थागत विकास, सुशासन प्रवर्द्धन तथा विकास निर्माणमा जनताको अर्थपूर्ण सहभागिताका लागि महत्वपूर्ण माध्यमको रुपमा रहेको सूचनाको हकको कार्यान्वयन थप प्रभावकारी बनाउन सकियोस् भन्ने कामना गर्न चाहन्छु । ■

जय नेपाल ।

# ‘सूचना सार्वजनिक निकायले चाहेको बेला होइन, नागरिकले मागेको बेला दिनैपर्ने अनिवार्य दायित्व हो’



सूचनाको हक जनताले सार्वजनिक निकायले चाहेको बेला दिने ऐच्छिक होइन, नागरिकले मागेको बेलामा दिनैपर्ने अनिवार्य दायित्व हो भनेर स्थापित गर्नु आवश्यक छ ।

सर्वप्रथम राष्ट्रिय सूचना आयोगको १७ औं स्थापना दिवसको अवसरमा हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु । नेपाल संविधानको धारा २७ मा प्रत्येक नेपाली नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हकको व्यवस्था छ । यस संवैधानिक हकको प्रचलनका लागि सूचनाको हक सम्बन्धी ऐन, २)६४ मा व्यवस्था भए अनुसार सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलनका लागि राष्ट्रिय सूचना आयोग स्थापना गरिएको हो ।

वि.सं. २०६५ बैशाख २२ गते स्थापना भएको आयोगले आजदेखि आफ्ना गरिमामय १६ वर्ष पूरा गरी १७ औं प्रवेशमा प्रवेश गरेको छ । नेपाली नागरिकको सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलन गर्नका लागि गठित यस आयोगले अहिलेसम्म निर्वाह गरेको भूमिकाप्रति नेपाल सरकारको तर्फबाट आभार व्यक्त गर्दै सूचनाको हकसम्बन्धी ऐन कार्यान्वयनमा आयोगले आगामी दिनमा अझै बढी योगदान गर्ने छ भन्ने विश्वास व्यक्त गर्न चाहन्छु ।

सूचनाको हकलाई संविधानले मौलिक हकको रुपमा स्थापित गरेको छ । यसको मुख्य उद्देश्य नागरिकलाई सशक्त बनाउनु हो । जब नागरिकले आफूले खोजेको सार्वजनिक सरोकारका सूचना सहजै प्राप्त गर्छन्, त्यसको प्रयोगबाट उनीहरु सशक्त बन्छन् । नागरिकको सशक्तीकरण र सचेतताले लोकतन्त्र बलियो बनाउँछ ।

सार्वजनिक सरोकारका सबै क्षेत्रमा नागरिकको सहज पहुँच स्थापित गर्दै लोकतन्त्र बलियो बनाउने र दिगो शान्ति कायम गर्दै समृद्ध राष्ट्र निर्माण गर्ने कार्यभार पूरा गर्न पनि सूचनाको हकको प्रभावकारी कार्यान्वयन आवश्यक छ । संविधानको मौलिक हकको कार्यान्वयनका लागि सूचनाको हकको प्रचलनलाई बढाएर लैजानुपर्ने छ । यसमा सरकार दृढ र प्रतिबद्ध छ । हरेक सरकारी निकायमा जनताले मागेका सार्वजनिक सरोकारका सूचना प्रवाह गर्न सूचना अधिकारीको व्यवस्था गरिएको छ । सार्वजनिक सूचना सञ्चारमाध्यमबाट प्रवाह गर्न प्रवक्ताको व्यवस्था गरिएको छ । नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहहरुले समेत यो अभ्यासलाई अघि बढाएका छन् । नागरिकले आफू बसेकै ठाउँबाट गुनासो गरेर सूचना माग्ने र सरकारी निकायको कार्य सम्पादन प्रभावकारी बनाउने उद्देश्यका साथ प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय अन्तर्गत हेलो सरकार सञ्चालनमा छ ।

सरकारी निकायहरुले कतिपय सूचना स्वत: सार्वजनिक गर्नुपर्ने हुन्छ भने कतिपय सूचना मागेपछि दिनुपर्ने हुन्छ । दुबैखाले सूचना प्रवाहलाई प्रभावकारी बनाउँदै सूचनाको हक जनताले सार्वजनिक निकायले चाहेको बेला दिने ऐच्छिक होइन, नागरिकले मागेको बेलामा दिनैपर्ने अनिवार्य दायित्व हो भनेर स्थापित गर्नु आवश्यक छ । सूचनाको हकको महत्वपूर्ण उद्देश्य पारदर्शिता हो भने पारदर्शिताको उद्देश्य सुशासन हो । वर्तमान सरकारको मुख्य जोड सुशासन र सेवा प्रवाहलाई सरलीकरण गर्नेतिर केन्द्रित रहेकाले पनि सूचनाको हकको कार्यान्वयन सरकारको कार्यसम्पादन प्रभावकारी बनाउन पनि सहयोगी हुनेछ ।

सूचनाको हक लोकतन्त्र र जनताको दैनिक जीवनसँग जोडिएको महत्वपूर्ण आधारस्तम्भ भए पनि जनस्तरमा अझै यसम्बन्धी सचेतनाको अभाव देखिन्छ । सूचनाको हकको सही कार्यान्वयन गर्न जनस्तरमा यसबारे ब्यापक जनचेतना जागृत गर्न आवश्यक छ । सार्वजनिक निकायले सम्पादन गरेका कार्यलाई परीक्षण गर्ने र आवश्यक परे त्यसपछि प्रश्न उठाउन पाइन्छ भन्ने तथ्य आमनागरिकमा स्थापित गर्न आवश्यक छ । यसका लागि राष्ट्रिय सूचना आयोगले अझ बढी नागरिक तहसम्म पुगेर काम गर्ने छ भन्ने सरकारको विश्वास रहेको छ ।

सरकारले सोझै प्राप्त गर्न नसक्ने जनताका गुनासा, बेथिति र अनियमिता लगायतका सूचनाहरु सञ्चारमाध्यमबाट सार्वजनिक भएपछि त्यसलाई आधार मानेर अनुसन्धान र कारवाही प्रक्रियामा सरकारले तदारुकता देखाउँदै आएको छ । सूचनाको हकको प्रवर्द्धनका लागि अग्रणी भूमिका निर्वाह गरिरहेका आमसञ्चारका माध्यमको भूमिकाप्रति पनि म यो अवसरमा उच्च सम्मान व्यक्त गर्न चाहन्छु ।

सूचनाको हकसम्बन्धी ऐनको पूर्ण कार्यान्वयनका लागि राष्ट्रिय सूचना आयोगसहित सरोकारवालाहरुले दिने गरेका सुझावप्रति सरकार गम्भीर छ । नेपाल सरकार र सूचना तथा सञ्चारसँग सम्बन्धित विभिन्न निकायहरूलाई सूचनाको हकको संरक्षण र सम्बर्धनका लागि आवश्यक सुझाव दिने वा सिफारिस गर्ने दायित्वसमेत राष्ट्रिय सूचना आयोगको भएकाले आयोगबाट आउने सुझाव वा सिफारिस कार्यान्वयनका लागि सरकारको तर्फबाट प्रतिबद्धता व्यक्त गर्न चाहन्छु । सार्वजनिक सूचनाको अद्यावधिक र स्वत: प्रकाशनको कामलाई प्राथमिकताका साथ अघि बढाउन सरकार प्रतिबद्ध छ । संघीयताको मर्मअनुरुप सूचनाको हकलाई कार्यान्वयन गर्न कानुन पुनरावलोकन आवश्यक रहेको र प्रदेश तथा स्थानीय तहमा तद्नुकूल कानुन नबनेको गुनासो पनि आइरहेको छ । यसमा सरकारले आवश्यक अध्ययन गरी सहजीकरण गर्ने जानकारी गराउन चाहन्छु ।

सूचनाको हकको कार्यान्वयनलाई प्रभावकारी बनाउन अन्तरमन्त्रालय प्रवक्ता र सूचना अधिकारीहरुको सञ्जाल बनाई सूचना प्रवाहलाई प्रभावकारी बनाउनेलगायतका आयोग तथा जनस्तरबाट प्राप्त सुझावहरु मननयोग्य छन् र सरकारले यसका लागि पहल गर्नेछ । सूचनादाताको सुरक्षाको सवालमा पनि सरकार संवेदनशील छ । जनताले सूचना माग गर्नुको अर्थ सरकारी अधिकारीहरुलाई झन्झट दिनु नभएर सरकारी सेवा प्रवाहलाई पारदर्शी बनाउनु हो । जनताले चाहेको सूचना सहजरुपमा प्राप्त नगरेमा सम्बन्धित अधिकारीहरु दण्डित हुने कानुनी व्यवस्थासमेत भएकाले आफूले चाहेका सार्वजनिक महत्वका सूचना ढुक्क भएर माग्न पनि म आम जनतासँग अपील गर्न चाहन्छु ।

अन्त्यमा, राष्ट्रिय सूचना आयोगको स्थापना दिवसमा पुन: शुभकामना व्यक्त गर्दछु । धन्यवाद ।

२२ बैशाख, २०८१

*(आयोगको १७ औं स्थापना दिवसका अवसरमा माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माले दिनु भएको मन्तव्य)*




# ICIC को १५ औं वार्षिक सम्मेलन सम्पन्न

सूचना आयुक्तहरुको अन्तर्राष्ट्रिय संगठन (International Conference of Information Commissioners- ICIC) को १५ औं वार्षिक सम्मेलन Information and Data Protection Commissioner, Albania ले २०८१ जेठ २१ देखि २३ सम्म (3-5 June, 2024) मा Tirana को Maritim Hotel Plaza, Tirana मा सम्पन्न कार्यक्रममा राष्ट्रिय सूचना आयोगका तर्फबाट प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरुङ्ग, सूचना आयुक्त कमला ओली थापा, सचिव होम प्रसाद लुइटेल, उपसचिव सन्तोष कुमार दाहाल र द एशिया फाउण्डेशन नेपालका तर्फबाट अजय कुमार दासको सहभागिता रहेको थियो।

कार्यक्रमको पहिलो दिन June 03 मा सम्मेलनको उद्घाटन तथा विभिन्न कार्यक्रमहरुको आयोजना भएको थियो। सम्मेलनको Albania का प्रधानमन्त्री Edi Rama ले समुद्घाटन गरी शुभारम्भ भएको थियो। प्रधानमन्त्रीले सबैलाई स्वागत गर्दै अल्बानियाको इतिहास तथा अहिलेका चुनौति र आफ्नो योजनाबारेमा विचार व्यक्त गर्दै पारदर्शिता र जवाफदेहिताका लागि सूचनाको हकको महत्व रहेको विचार व्यक्त गर्नु भएको थियो।




उद्घाटन सत्रमा विभिन्न देशका प्रतिनिधिले सूचनाको हकका बारेमा मन्तव्य राखेका थिए। त्यसैगरी सूचना आयुक्तहरुको क्षेत्रीयस्तरका बैठक पनि सो अवसरमा सम्पन्न भएका थिए। क्षेत्रीय बैठकमा आ-आफ्नो क्षेत्रभित्र पर्ने देशका सूचना आयुक्तहरु बसी आगामी दिनमा सूचनाको हकलाई थप प्रभावकारी बनाउन कसरी संयुक्त प्रयास गर्न सकिन्छ भन्ने बारेमा छलफल भएको थियो। नेपाल क्षेत्रीय संगठनमा सदस्य नभएको कारणबाट पर्यवेक्षकका रुपमा मात्र सहभागी भएको थियो।

कार्यक्रमको दोस्रो दिन June 04 मा विगतका बैठकहरुबाट गठन भएका ४ वटा Working Group हरुका कार्य प्रगतिको जानकारी र समीक्षा प्रस्तुति हुनुका साथै कार्यपत्रहरुमा छलफल भएको थियो। समूहहरुले तयार पारेका प्रतिवेदन तथा प्रतिवेदनले दिएका सुझावका बारेमा सघन छलफल भएको थियो।

त्यसैगरी दोस्रो दिन नै ICIC को अबको रणनैतिक कार्यदिशा के हुने, सूचनाको हकका नियामकहरुका चुनौतिका वारेमा Future of the ICIC conference: What is next for information regulators? What are our common challenges and where should the ICIC work focus in the future strategic direction? विषयक प्यानल छलफल भएको थियो। उक्त अवसरमा सूचनाको हक सम्बन्धी तथा ICIC सम्बन्धी विभिन्न विचारहरु व्यक्त भएका थिए।

कार्यक्रमको तेस्रो दिन सदस्य राष्ट्रका प्रतिनिधि मात्र सहभागी बन्द सत्र सञ्चालन भएको थियो। बन्दसत्रमा विभिन्न क्षेत्रीय प्रतिवेदनहरु प्रस्तुत भएका थिए। विभिन्न देशका सूचना आयोगहरुले गत आर्थिक वर्षमा गरेका उल्लेखनीय उपलब्धी तथा अनुभवहरु राखिएका थिए। यसबाट सूचनाको हक कार्यन्वयनका क्षेत्रमा प्रयोग भएका नयाँ र राम्रा कार्यक्रमहरुका बारेमा जान्ने र सिक्ने आवसर प्राप्त भएको छ। सम्मेलन शुरु हुनु अगाडि नै नेपालले Online माध्यमबाट ICIC को सचिवालय अध्यक्ष र कार्यकारिणी समितिका सदस्यका लागि मतदान गरेकोमा अध्यक्षमा मेक्सिको र कार्यकारिणी समिति सदस्यमा अष्ट्रेलिया र केन्या निर्वाचित भएको जानकारी बैठकमा जानकारी गराइएको थियो। ICIC को कार्यसमितिको अध्यक्षमा पुन: आगामी तीन वर्षका लागि मेक्सिकोको Federal Institute for Access to Public Information and Data Protection (INAI) रहने भएको छ।

कार्यक्रममा सदस्य राष्ट्रका सूचना आयोगका प्रमुख तथा अन्य प्रतिनिधिहरुको सहभागिता रहेको थियो। सदस्य राष्ट्र एवम् संघसंस्था र दातृनिकायसमेत गरी करिव १ सय २० जना प्रतिनिधिको उक्त सम्मेलनमा सहभागिता रहेको विभिन्न कोणबाट सम्मेलन उपलब्धीमूलक रहेको थियो।

सम्मेलनबाट सिक्ने र सिकाउने तथा नयाँ अवसरहरुसँग परिचित हुने अवसर मिलेको छ। कतिपय विषयहरु अर्थात् Panel Discussion, Regional Presentation तथा अन्य प्रस्तुतिकरण र छलफलबाट नेपालले सिक्ने अवसर प्राप्त गरेको छ। यस्ता सिकाइहरु आगामी दिनमा बनाइने रणनीति तथा कार्ययोजना र कार्यक्रममा समावेश गर्दै जान सकिएमा नेपालमा सूचनाको हकको कार्यान्वयनलाई थप प्रभावकारी बनाउँदै जाने सकिने विश्वास लिइएको छ।

Working Group हरुले सिफारिश गरेका विषयहरु नेपालका लागि अत्यन्त महत्वपूर्ण रहेका छन्। दुईवटा Workign Group मा नेपाल पनि सदस्य रही महत्वपूर्ण योगदान दिन सफल भएको छ। साथै सम्मेलनका क्रममा नेपालका तर्फबाट भएका पहलहरुलाई सम्मेलनले सकारात्मक रुपमा लिएको र निर्णयमा पनि समावेश गरेको छ। ■

# विकास, आर्थिक मामिला तथा सुशासन समितिसँग छलफल





संघीय संसद् राष्ट्रिय सभा अन्तर्गतको विकास, आर्थिक मामिला तथा सुशासन समितिले सूचनाको हक कार्यान्वयनमा राष्ट्रिय सूचना आयोगको भूमिका बारेमा २०८१ जेठ ३१ गते छलफल कार्यक्रमको आयोजना गरेको थियो। सिंहदरबारस्थित समितिको सभा हलमा सम्पन्न कार्यक्रम समितिका माननीय सभापति कमला पन्तको अध्यक्षतामाा भएको थियो। कार्यक्रममा माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माले सूचनाको हक नेपाली नागरिकका लागि ल्याइएको हुँदा नागरिक तहसम्म पुग्ने गरी कार्यान्वयन गर्नु पर्ने आवश्यकता रहेको र नेपाल सरकार यसको प्रभावकारी कार्यन्वयनका लागि प्रतिबद्ध रहेको विचार व्यक्त गर्नु भएको थियो।

आयोगका प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरुङले सूचनाको हक जनआन्दोलन पश्चात् बनेको संसदले नागरिक सर्वोच्चतालाई महत्वलाई ध्यानमा राखी संविधानमा राख्दै कानुन बनाई कार्यान्वयनमा ल्याएको हुँदा नेपाली नागरिकको सशक्तीकरणका लागि यसको प्रयोगमा प्रभावकारिता ल्याउनु पर्ने र यसमा समिति लगायत सांसदहरुको महत्वपूर्ण भूमिका रहने विचार राख्नुभएको थियो। सूचना आयुक्त कमला ओली थापाले आफ्नो अनुभव सुनाउनु भएको थियो भने सञ्चार सचिव रामकृष्ण सुवेदीले सूचनाको हक कार्यान्वयनका लागि मन्त्रालयले गरेका कामका बारेमा बोल्नु भएको थियो।समितिका माननीय सदस्यहरु, सूचना आयुक्त रत्नप्रसाद मैनाली, आयोगका कर्मचारी, समितिका सचिव तथा कर्मचारी तथा सञ्चारकर्मीहरुको उपस्थिति रहेको कार्यक्रममा आयोगका सचिव होम प्रसाद लुइटेलले सूचनाको हकसम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था, आयोगले गरेका उपलब्धीमूलक कार्यहरु र आयोगले समितिबाट राखेको अपेक्षाका बारेमा प्रस्तुतीकरण राख्नु भएको थियो। ■



# 'सूचनाको हकप्रति कतिपय स्थानीय तहका जनप्रतिनिधि अनुदार'

राष्ट्रिय सूचना आयोगको आयोजनामा २०८१ असार १६ गते सिन्धुली जिल्लास्तरीय सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो। जिल्ला प्रशासन कार्यालय सिन्धुलीको सभाहलमा आयोजित सो आयोगका सूचना आयुक्त रत्नप्रसाद मैनालीको अध्यक्षता र जिल्ला समन्वय समिति सिन्धुलीका उपप्रमुख शान्ता कार्कीको प्रमुख आतिथ्यतामा सम्पन्न सो कार्यक्रममा सिन्धुली जिल्लाका प्रमुख जिल्ला अधिकारी भरत खनाल, नेपाल पत्रकार महासंघ सिन्धुलीका अध्यक्ष कृष्णहरि घिमिरे, सूचनाको हकको लागि राष्ट्रिय महासंघका के.स. तथा जिल्ला अध्यक्ष राज कुमार कार्की अतिथि रहनु भएको थियो।

जिल्ला स्थित सूचना अधिकारीहरुको समन्वय कर्ता तथा सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला समन्वय अधिकारी, नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत, नेपाली सेना, शसस्त्र प्रहरी तथा जिल्ला प्रहरी कार्यालयका कार्यालय प्रमुख, स्थानीय तहका प्रमुख प्रशासकिय अधिकृतहरु, अतिथी : जिल्ला स्थित कार्यलयका कार्यालय प्रमुख तथा सूचना अधिकारीहरु, सूचनाको हकको लागि राष्टिय महासँघका जिल्ला उपाध्यक्ष लगायतको उपस्थिति रहेको थियो।

कार्यक्रममा आयोगका सचिव होम प्रसाद लुइटेलले कार्यपत्र प्रस्तुत गर्दै सूचनाको हकको संवैधानिक र कानुनी आधार, सार्वजनिक निकायको दायित्व, सूचना अधिकारीको व्यवस्था, सूचनाको हकका विषयमा उजुरी दिने प्रक्रिया र पुनरावेदको व्यवस्था, सूचनाको संरक्षण गर्नुपर्ने र यसको दुरुपयोग गर्दा भोग्नु पर्ने कारवाही, दिनुपर्ने सूचना नदिएका कारण भोग्नु पर्ने सजाय र क्षतिपूर्ति समेतको व्यवस्थाका बारेमा सविस्तार चर्चा गर्नु भएको थियो।

नेपाल पत्रकार महासघ, सिन्धुलीका अध्यक्ष, कृष्णहरि घिमिरेले सूचनाको हकलाई कार्यान्वयन गर्ने र प्रत्येक सूचना सरोकारवालासम्म पुऱ्याउने विषयलाई प्रभावकारी बनाउनु पर्नेमा जोड दिंदै छिटोछरितो र सर्वसुलभ ढङ्गबाट सूचना प्राप्त गर्न आमनागरिकको तहसम्म सूचनाको हकबारेको चेतना पुऱ्याउनुपर्ने बताउनु भयो। लोकतन्त्र आए पनि कर तिर्ने नागरिकलाई रैतीका रुपमा लिने प्रचलन अझै रहेको उल्लेख गर्दै अध्यक्ष घिमिरेले सूचना प्राप्त गर्न धाउँदाधाउँदा नागरिक थाक्ने अवस्था अब अन्त्य हुनुपर्ने बताउनु भयो। स्थानीय तहमा सूचना प्राप्त गर्न नागरिकलाई सारै अप्ठेरो परेको प्रसङ्ग उल्लेख गर्दै पारदर्शिताले नै लोकतन्त्रलाई मजवुत बनाउने भएकोले सिन्धुली जिल्लाका सार्वजनिक निकायलाई सरल रुपमा सूचना उपलब्ध गराउन पनि अध्यक्ष घिमिरेले आग्रह गर्नु भयो।

सिन्धुलीका प्रमुख जिल्ला अधिकारी भरत खनालले सूचनाको हक सम्बन्धी कानुनको अध्ययन मात्र नभई पालना पनि सबैले गर्नु पर्नेमा जोड दिंदै सूचना अधिकारीलाई थप सेवासुविधा उपलब्ध हुन सके सूचना प्रवाहलाई प्रभावकारी बनाउन सकिन्थ्यो कि भन्ने धारणा व्यक्त गर्नु भयो। कार्यक्रमले सुशासन कायम गर्न हौसला प्राप्त भएको धारणा व्यक्त गर्दै प्रजिअ खनालले सूचनाको हक सम्बन्धी अन्तरक्रिया कार्यक्रमका लागि आयोगले सिन्धुली जिल्ला छनौट गरेकोमा आयोगप्रति आभार व्यक्त गर्नु भयो। सूचना प्रवाहलाई प्रविधिमैत्री बनाउनु पर्ने तथा संस्थागत स्मरणको अभिलेखीकरण र हस्तान्तरण गर्नु पर्नेमा जोड दिंदै प्रजिअ खनालले गैरसरकारी संघसंस्थाका कामलाई पनि नजिकबाट निगरानी गरिरहेको बताउनु भयो।

कार्यक्रमका प्रमुख अतिथि तथा जिल्ला समन्वय समितिका उपप्रमुख शान्ता कार्कीले आयोगले सिन्धुली जिल्लामा यस किसिमको



कार्यक्रम आयोजना गरिदिएर कर्मचारी, जनप्रतिनिधि र स्थानीय सर्वसाधारणलाई सूचनाको हकका विषयमा जानकारी प्रदान गरेकोमा धन्यवाद ज्ञापन गर्दै सूचनाबाट कोही पनि बञ्चित हुन नहुने, सूचना सबैका लागि महत्वपूर्ण र अनिवार्य भएकोले मागकर्ताबाट माग भएका सार्वजनिक सरोकारका विषयका दिन मिल्ने सूचनाहरु दिलाउन आफू पनि लागिपर्ने प्रतिबद्धता व्यक्त गर्नु भयो। योजना अनुगमन गर्ने क्रममा जिल्ला समन्वय समितिलाई नै कतिपय सूचना थाहा नभएको अवस्था चित्रित गर्दै जिसस नै थाहा पाउनबाट बञ्चित रहेको उपप्रमुख कार्कीले बताउनु भयो। सामान्य नागरिकले बुझ्ने गरी सूचना प्रवाह गर्न अनुरोध गर्दै पहिला जे भयो भयो, अब त्यस्तो नगर्न उपप्रमुख कार्कीले आह्वान गर्नु भयो।

सहभागीबाट उठाइएका जिज्ञाशा तथा सवालहरुको जवाफ दिँदै सूचना आयुक्त रत्नप्रसाद मैनालीले सूचनाको हकसम्बन्धी व्यवस्थाको उचित अभ्यासले सुशासन ल्याउन मद्दत पुग्ने भएकोले कानुनले नदिनु भनेबाहेक नागरिकले माग गरेका सूचना दिन आनाकानी गर्न नहुनेमा जोड दिनु भयो। सूचना सङ्कलन, अभिलेखीकरण र भण्डारणलाई व्यवस्थित गर्न जिल्लास्थित सार्वजनिक निकायका प्रमुख र सूचना अधिकारीलाई अनुरोध गर्दै सङ्कलन गर्दा नै सही सूचना सङ्कलन गर्न सके सही सूचना प्रवाह गर्न सहज हुने विषयमा सहभागीहरुको ध्यानाकर्षण गराउनु भयो।

सूचनाको हकको प्रयोगबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा पुगेका सकारात्मक प्रभावबारे विस्तृत चर्चा गर्दै सुशासनका लागि सूचनाको हकको विश्वव्यापी प्रचलन बढिरहेको बताउनु भयो। राज्यले कानुन, अड्डाअदालत र विभिन्न निकायलाई औजार बनाएर नागरिकलाई शासन गर्ने ऐतिहासिक पक्षबारे चर्चा गर्दै सूचनाको हकको प्रयोगबाट मात्रै नागरिकले आफूलाई शासन गर्ने राज्यलाई प्रश्न गर्न सक्ने आयुक्त मैनालीले बताउनु भयो। सार्वजनिक निकायलाई नागरिकप्रति जवाफदेही बनाउन सूचनाको हक प्रभावकारी रहेको उल्लेख गर्दै सार्वभौम नागरिकले सार्वभौम अधिकारको प्रयोग गर्न सके मात्र राज्य र सार्वजनिक निकायका पदाधिकारीबाट हुने गलत कार्य गर्नबाट रोक्न सकिनेमा सूचना आयुक्त मैनालीले जोड दिनु भयो।

संवैधानिक मौलिक हकका रुपमा व्यवस्था गरिएको सूचनाको हकको कार्यान्वयन र पालना गर्न कार्यालय प्रमुख र सूचना अधिकारीको भूमिका महत्वपूर्ण हुने बताउनु हुँदै नागरिकले सूचना माग गर्दा झन्झट वा हैरानीका रुपमा नलिन आयुक्त मैनालीले अनुरोध गर्नु भयो। कानुनले अनिवार्य जिम्मेवारीका रुपमा तोकेको स्वत:प्रकाशन तोकिएको समयभित्र नियमित गर्न कार्यालय प्रमुख र सूचना अधिकारीलाई अनुरोध गर्दै सूचनाको हकलाई नागरिक तहसम्म पुऱ्याउन जनप्रतिनिधिको पनि महत्वपूर्ण भूमिका रहने धारणा सूचना आयुक्त मैनालीले व्यक्त गर्नु भयो। सूचनाको हकसम्बन्धी कानुनको पालना नगर्ने कर्मचारीलाई दफा ३२ बमोजिमको जरिवाना र विवभागीय कार्वाहीलाई आयोगले सक्रियतापूर्वक अघि बढाएपछि पछिल्लो समय कर्मचारी वृत्त सूचना लुकाउन इच्छुक नरहे पनि खासगरी स्थानीय तहका जनप्रतिधिबाट सूचना प्रवाहमा समस्या सिर्जना गर्न खोजिएको प्रसङ्ग उल्लेख गर्दै सूचना आयुक्त मैनालीले नागरिकले माग गरेको सूचना नै दिन नखोज्ने जनप्रतिनिधिले नागरिकमैत्री सेवा प्रवाह गर्न नसक्ने बताउनु भयो।

आयोगका उपसचिव सन्तोष कुमार दाहालले सभागीलाई स्वागतसहित कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नु भएको सो कार्यक्रमको सञ्चालन आयोगका शाखा अधिकृत जीवन कुँवरले गर्नु भएको थियो। कार्यक्रममा पत्रकार अनिल भण्डारी, कुमार थापा, किरण चौधरी, निर्मल कुमार घिमिरेलगायतका सहभागीले जिज्ञासासहित सुझाव राख्नु भएको थियो। ■




# 'सूचनाको उपलब्धता सहज ढङ्गबाट गर्न निर्देशिका जारी भए राम्रो'

राष्ट्रिय सूचना आयोगको वार्षिक कार्यक्रम अन्तर्गत २०८१ असार २ गते मकवानपुर जिल्लाको हेटौंडामा आयोगको आयोजना र मकवानपुर जिल्ला बार एशोसिएसनको संयोजनमा सूचनाको हकमा महिला सशक्तीकरण सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको थियो । कार्यक्रम बाग्मती प्रदेशका माननीय सामाजिक विकास मन्त्री कुमारी मोक्तानको प्रमुख आतिथ्यता र राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त कमला वली थापाको अध्यक्षतामा सम्पन्न भएको थियो ।

हेटौंडा उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत, मकवानपुर बार एशोसिएशनका अध्यक्ष, कानुन व्यवसायी, प्रदेश सहकारीका प्रतिनिधि, समाजसेवी, सञ्चारकर्मी, सुरक्षा निकायका महिला प्रतिनीधि, विभिन्न संघसंस्थाका प्रतिनिधि, बुद्धिजीवी महिला, स्वास्थ्यकर्मी, विद्यालयका शिक्षिका तथा विद्यार्थीलगायतको उपस्थितमा आयोजित उक्त कार्यक्रमलाई बाग्मती प्रदेशका माननीय सामाजिक विकास मन्त्री कुमारी मोक्तानले पानसमा बत्ती बालेर कार्यक्रमको औपचारिक शुभारम्भ गर्नुभएको थियो । कार्यक्रम शाखा अधिकृत जीवन कुँवरले सञ्चालन गर्नु भएको थियो ।

आयोगका सचिव होम प्रसाद लुइटेलले सूचनाको हकमा महिला सशक्तीकरणसम्बन्धी कार्यपत्र प्रस्तुत गर्दै सूचनाको हकको संवैधानिक र कानुनी आधार, सार्वजनिक निकायको दायित्व, सूचना अधिकारीको व्यवस्था, सूचनाको हकका विषयमा उजुरी दिने प्रक्रिया र पुनरावेदको व्यवस्था, सूचनाको संरक्षण गर्नुपर्ने र यसको दुरुपयोग गर्दा भोग्नु पर्ने कारवाही त्यस्तै दिनुपर्ने सूचना नदिएका कारण भोग्नु पर्ने सजायँ र क्षतिपूर्तिसमेतको व्यवस्थाका बारेमा सविस्तार बताउनु भएको थियो ।

आयोगका उपसचिव सन्तोष कुमार दाहालले स्वागत मन्तव्य र कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै कुनै पनि सूचनामाथिको सहज पहुँच नै सूचनाको हक हो भन्दै मानवलाई प्रत्याभूत गरिएका अधिकारहरुमध्ये सूचनाको हक सर्वश्रेष्ठ अधिकार भएको र यसलाई नेपालको संविधानको धारा २७ मा व्यवस्था गरिएको, प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने वा पाउने हक हुनेछ भनी मौलिक हकका रुपमा समेत उल्लेख गरिएको बताउनु भयो ।

सूचनाको हकसम्बन्धी कानुनको कार्यान्वयनमा पनि सार्वजनिक निकायको प्रमुखको भूमिका महत्वपूर्ण रहने हुनाले जनप्रतिनिधि, कार्यालय प्रमुख, सूचना अधिकारी र आमसरोकारवालाहरुलाई सूचनाको हकसम्बन्धी विषयमा जानकारी गराउनु, निजहरुले निर्वाह गर्नुपर्ने विषयमा जनचेतना जगाउनु, सूचनाको हकसम्बन्धी विषयमा उत्पन्न भएका द्विविधालाई एउटै थलोबाट सम्बोधन गर्नु आदि कार्यक्रमको उद्देश्य रहेको बताउनु भयो ।

अन्तरक्रियाका क्रममा सहभागिबाट महिला सशक्तीकरण पश्चात् सूचनाको हक हो कि ? सूचनाको हक पछि महिला सशक्तीकरण हो ? सूचना आयोगबाट अनुगमन होस्, सूचना अधिकारीको फोन नं. मा फोन गर्दा फोन नउठाउने, आयोगको नियमन अनुगमन कसरी भएको छ ? त्यो विषय नआएको, अभिलेख हस्तान्तरणमा समस्या भएको, अस्वाभाविक सूचना माग गर्ने प्रवृत्ति रहेको, कस्तो सूचना



माग गर्दा कस्तो कारवाही भएको थियो भन्ने कुरा कार्यपत्रमा भएको भए उपयुक्त हुने थियो, वेब साइटमा राखिएको भनिन्छ तर त्यसमा सबैको पहुँच नभएको भन्ने जस्ता जिज्ञासासहित सूचनाको उपलब्धता सहज ढङ्गबाट गर्न निर्देशिका जारी भए राम्रो हुने थियो भन्नेलगायतका सुझाव राखिएका थिए।

कार्यक्रमका प्रमुख अतिथि एवम् बाग्मती प्रदेशका माननीय सामाजिक विकास मन्त्री कुमारी मोक्तानले महिलासँग जोडेर सूचनाको हकको विषयमा अन्तरक्रिया गरेकोमा खुशी व्यक्त गर्दै महिला भएकै कारण सूचनाबाट बञ्चित हुनुपर्ने अवस्था अझै रहेकोले दूरदराजमा रहेका महिला लागि लक्षित गरेर यस किसिमका कार्यक्रम आयोजन हुनुपर्ने बताउनु भयो। कानुनको विषय बढी जटिल भएकोले प्रत्येक क्षेत्रमा समस्या परेकोले सबैले यो विषय बुझ्नु र जान्नु पर्ने साथै अरुलाई पनि बुझाउनु पर्ने दायित्व सबै सहभागीको रहने प्रसङ्ग उल्लेख गर्दै महिलाहरुले प्रश्न सोध्ने बानीको विकास गरी सशक्त हुनुपर्नेमा जोड दिनु भयो। सूचनाको हकको प्रभावकारी कार्यान्वयनमा सबै आ-आफ्नो ठाउँबाट जिम्मेवार भएर लाग्न सके मात्र देश विकास र समृद्धिका लागि अगाडि बढ्न सकिने पनि मन्त्री मोक्तानले बताउनु भयो।

कार्यक्रमका अतिथि एवम् मकवानपुर जिल्ला बार एशोसिएसनका अध्यक्ष अप्सरा बस्नेतबाट राष्ट्रिय सूचना आयोगले सूचनाको हकमा महिला सशक्तीकरण सम्बन्धी अन्तरक्रिया कार्यक्रम मकवानपुरमा छनोट गरेको र उक्त कार्यक्रममा समन्वय गर्न पाएकोमा आयोग परिवारप्रति धन्यवाद र आभार व्यक्त गर्दै कार्यक्रम महत्वपूर्ण रहेको तथा विगतका तुलनामा आमजनमानसमा सूचनाको हकसम्बन्धी चेतना बढेको धारणा व्यक्त गर्नुभएको थियो।

कार्यक्रमका अध्यक्ष एवम् राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त कमला ओलीले हेटौंडा उपमहानगरपालिकामा सूचनाको हकमा महिला सशक्तीकरण सम्बन्धी अन्तरक्रिया कार्यक्रम राख्ने अवसर प्रदान गरी त्यसका लागि आवश्यक समन्वय र सहजीकरण गरेकोमा मकवानपुर बार एशोसिएसनका अध्यक्षलाई धन्यवाद दिंदै संविधानमै सूचनाको हकको व्यवस्था गरिएकोले कानुनको पालनामा सबैको प्रतिबद्धता आवश्यक पर्ने बताउनु भयो। सार्वजनिक सरोकार राख्ने सबै निकायमा सूचना अधिकारीको व्यवस्था गर्नुपर्ने, कसैले सूचना मागेमा त्यसलाई सकारात्मक दृष्टिकोणले हेर्ने र त्यसको उचित सम्बोधन हुनुपर्ने कुरा पनि सूचना आयुक्त ओलीले व्यक्त गर्नुभयो। आयोगले पनि सूचनाको हक सम्बन्धी विषयको कार्यान्वयनका लागि जनचेतना जगाउन सदैव तयार रहेको उल्लेख गर्दै बजेटको न्यूनताका बीच पनि त्यसको दायराभित्र रहेरै भए पनि मन, वचन र कर्मदेखि नै उत्प्रेरित भएर सूचनाको हकको प्रभावकारी कार्यान्वयनको दिशामा यस सम्बन्धी कार्यक्रम लिएर हिंडिरहेका छौं भन्नु भयो। सूचनाको हकको लागि आयोग दत्तचित्त भइरहने र सहभागीलाई पनि सूचनाको हकमा निर्भिक भई कानुनको परिधिभित्र रही सूचना माग गर्न र सो सम्बन्धमा कुनै समस्या आइपरेमा आयोगमा प्रक्रियागत रुपमा जानकारी गराउनु हुनसमेत उहाँले आग्रह गर्नु भयो। अन्त्यमा महिला सशक्तीकरणमा जानकार र सचेत भयौं भने हामी कहिल्यै पछि पर्नुपर्दैन भन्ने धारणा व्यक्त गर्दै कार्यक्रमका सहभागीलाई सूचनाको हकको कार्यक्रममा उठेका प्रतिक्रिया र जिज्ञासाको जवाफसहित कार्यक्रम सफल बनाउन सहयोग गरेकोमा सबैलाई धन्यवाद गर्नुभएको थियो। ■

## सप्तकोशी नगरपालिकामा सूचनाको हकसम्बन्धी कार्यक्रम

२०८१/०२/२९ गते सप्तरीको सप्तकोशी नगरपालिका र सूचनाको हक मिडिया प्रा.लि.को संयुक्त आयोजनामा सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो। प्रमुख अतिथि सूचना आयुक्त कमला ओली थापा रहनु भएको सो कार्यक्रमको अध्यक्षता नगर प्रमुख कृष्ण ढकालले गर्नु भएको थियो। सो कार्यक्रममा सूचनाको हकका लागि राष्ट्रिय महासंघ कोशी प्रदेशका अध्यक्ष नज्बुल खान, नगरपालिकाका वडाका प्रतिनिधि, विभिन्न विद्यालयका प्रधानाध्यापक, शिक्षक, पत्रकार, सूचना अधिकारी, सूचनाको हकका अभियन्ता लगायत करीब १०५ जनाको उपस्थिति रहेको थियो।

# नेपालगञ्ज र धुलिखेलमा आरटीआई क्याम्प

सूचनाको हकको प्रयोग गरेर सुशासनमा युवाहरुले कसरी योगदान गर्न सक्छन् भन्ने विषयमा Accountability Lab, Nepal को आयोजनामा २०८१ बैशाख ३ गते बाँकेको नेपालगञ्जमा RTI Youth Camp सम्पन्न भयो। सो क्याम्पमा सूचनाको हकको प्रयोगबाट सार्वजनिक निकायका पदाधिकारीलाई गलत काम गर्नबाट कसरी रोक्न सकिन्छ ? सुशासन र पारदर्शिता कायम गरी सार्वजनिक निकायलाई नागरिकप्रति कसरी जवाफदेही बनाउन सकिन्छ ? भन्ने विषयमा अन्तरक्रियात्मक प्रशिक्षण भएको थियो।

युवा, विद्यार्थी, अभियन्ता, सञ्चारकर्मीको सहभागिता रहेको क्याम्प सुशासन र सामाजिक न्यायका लागि जनचेतना बृद्धि गर्न सूचनाको हकको प्रयोगलाई कसरी प्रभावकारी बनाउन सकिन्छ भन्ने उद्देश्यका साथ आयोजना गरिएको थियो।

कार्यक्रममा सूचनाको हकको कार्यान्वयनका सन्दर्भमा राष्ट्रिय सूचनाको आयोगले खेलेको भूमिका, सूचनाको हकको कानुनी र व्यावहारिक पक्ष, सुशानका लागि सूचनाको हकले पुऱ्याएको योगदान, सूचनाको हकको असल अभ्यासबारे राष्ट्रिय तथा अन्तर्राष्ट्रिय घटना सन्दर्भसहित राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त रत्नप्रसाद मैनालीले प्रस्तुतीकरण गर्नु भएको थियो।

सो क्रममा सूचना आयुक्त मैनालीले कानुनले आयोगलाई दिएको अधिकार, आयोगमा प्राप्त पुनरावेदन तथा कार्यान्वयनको प्रगति, पुनरावेदन, उजुरी तथा निवेदनका सम्बन्धमा गरिने निर्णय प्रक्रिया, आदेश तथा उपलब्धी र सुशासनका लागि सूचनाको हकको प्रयोग गरी युवाहरुले पुऱ्याउन सक्ने योगदानका बारे प्रशिक्षण दिनु भएको थियो।

सहभागीबाट राखिएका जिज्ञाशाको जवाफ दिँदै सूचना आयुक्त मैनालीले सूचनाको हकलाई नागरिक स्तरसम्म पुऱ्याउन, सुशासनमा नागरिकको अर्थपूर्ण सहभागिता बढाउन तथा सुशासन कायम गर्न यस्ता कार्यक्रमले महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्नु भयो। युवालाई लक्षित गरेर यस्तो प्रकारको कार्यक्रम राखेकोमा आयोगका तर्फबाट Accountability Lab, Nepal का साथै युरोपियन युनियन र इन्टरनेशनल एलर्टलाई धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिन सूचना आयुक्त मैनालीले अनुरोध गर्नु भयो।

Accountability Lab, Nepal नेपालकी शुभेच्छा चापागाईंले सहजीकरण गर्नु भएको सो कार्यक्रमका सहभागीहरुले विभिन्न जिज्ञासा राख्नु भएको थियो।

यस्तै कार्यक्रम २०८१ बैशाख १६ गते Accountability Lab, Nepal को आयोजनामा धुलिखेलमा सम्पन्न भयो।

युवा, विद्यार्थी, अभियन्ता, सञ्चारकर्मीको सहभागिता रहेको क्याम्प सुशासन र सामाजिक न्यायका लागि जनचेतना बृद्धि गर्न सूचनाको हकको प्रयोगलाई कसरी प्रभावकारी बनाउन सकिन्छ भन्ने उद्देश्यका साथ आयोजना गरिएको थियो।

कार्यक्रममा सूचनाको हकको कार्यान्वयनका सन्दर्भमा राष्ट्रिय सूचनाको आयोगले खेलेको भूमिका, सूचनाको हकको कानुनी र व्यावहारिक पक्ष, सुशानका लागि सूचनाको हकले पुऱ्याएको योगदान, सूचनाको हकको असल अभ्यासबारे राष्ट्रिय तथा अन्तर्राष्ट्रिय घटना सन्दर्भसहित राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त रत्नप्रसाद मैनालीले प्रस्तुतीकरण गर्नु भएको थियो। ■

# सरोकारवालाहरुसँग छलफल



USAID Asia Foundation CSM को सहयोगमा सञ्चालन गर्ने भनिएका कार्यक्रमहरुको प्रगति समीक्षा तथा आगामी वर्ष आयोजना गरिने कार्यक्रमका बारेमा सहभागी संस्थाहरुसँग २०८१ असार ३१ गते छलफल कार्यक्रम सम्पन्न भयो।

कार्यक्रममा सञ्चारिका समूहकी अध्यक्ष बिमला तुम्खेवा, नेपाल पत्रकार महासंघका प्रतिनिधि गिरिराज अधिकारी, सूचनाको हकका लागि राष्ट्रिय महासंघका अध्यक्ष उमिद बागचन्द र सामुदायिक सारथीका कार्यकारी निर्देशक तारा बहादुर भण्डारीले भइरहेका कार्यक्रम, आफ्नो अनुभव र आगामी वर्ष राख्नु पर्ने कार्यक्रमका बारेमा महत्वपूर्ण सुझाव राख्नु भयो।

कार्यक्रममा आयोगका प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरुङ्ग, आयुक्तहरु कमला ओली थापा र रत्नप्रसाद मैनाली, सचिव होम प्रसाद लुइटेल, उपसचिवहरु तथा अन्य कर्मचारीहरुको उपस्थिति रहेको थियो। ■

# विद्यालयस्तरीय अभिमुखीकरण कार्यक्रम




आजका विद्यार्थी भोलिका कर्णधार हुन्, सूचनाको हकलाई विद्यालयस्तरदेखि नै प्रवर्द्धन गर्ने उद्देश्यसहित राष्ट्रिय सूचना आयोगको वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत विद्यार्थी लक्षित अभिमुखीकरण कार्यक्रम २०८१ असार २ गते २०८१ असार २ गते इन्द्रेश्वरी माध्यामिक विद्यालय, मेलम्ची सिन्धुपाल्चोकमा र ११ गते मकवानपुरको श्री हेटौंडा क्याम्पस हेटौंडामा सम्पन्न भयो।

इन्द्रेश्वरी माध्यामिक विद्यालय, मेलम्ची सिन्धुपाल्चोकमा आयोजित कार्यक्रम राष्ट्रिय सूचना आयोगका सचिव होम प्रसाद लुईटेलको अध्यक्षता र मेलम्ची नगरपालिकाका प्रमुख कार्यकारी अधिकृत अशोक भट्टराईको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो।

आयोगका सचिव लुइटेलले कार्यक्रममा आफ्नो मन्तब्य राख्दै सूचनाको हकको विकास, नेपालमा यसका कानुनी प्रावधान तथा सूचनाको हकको महत्वमाथि प्रकाश पार्नु भएको थियो। सो कार्यक्रमा विशिष्ट अतिथी सोही विद्यालयका प्रधानाध्यापक देवि श्रेष्ठ तथा मेलम्ची नगरपालिकाका सूचना अधिकारी अर्चना श्रेष्ठ अतिथि रहनुभएको थियो।

कार्यक्रममा राष्ट्रियय सूचना आयोगका उपसचिव सुदर्शन ढकालले सूचनाको हकसम्बन्धी जानकारी विषयक कार्यपत्र प्रस्तुत गर्दै आयोगको काम, कर्तब्य र अधिकार सम्बन्धमा समेत स्पष्ट पार्नु भएको थियो।

इन्द्रेश्वरी मा. वि. मेलम्चीका कक्षा ९ र १० का १ सय २५ जना विद्यार्थी सहभागी उक्त कार्यक्रममा स्वस्तिका धिताल र निर्जन भट्टराईले विद्यार्थीका तर्फबाट जिज्ञासा र सुझावसहित मन्तब्य राख्नु भएको थियो।

सहभागीबाट राखिएका जिज्ञासाको जवाफ दिंदै आयोगका सचिव होम प्रसाद लुइटेलले आयोगमा पुनरावेदन प्राप्त भएपश्चात् फैसलाबाट विभिन्न व्यक्ति तथा संस्थाहरुले प्राप्त गरेको अधिकार तथा न्याय सम्बन्धमा प्रकाश पार्दै सूचनाको हकले सुशासन कायम गर्न मद्दत गर्ने बताउनु भयो। कार्यक्रममा आयोगका तर्फबाट लेखा अधिकृत अशोक न्यौपाने स्वागत मन्तव्य राख्नुभएको थियो भने कार्यक्रम सञ्चालन आयोगका शाखा अधिकृत शालिकराम भट्टराईले गर्नुभएको थियो। त्यसैगरी असार ११ गते मकवानपुरको हेटौंडा क्याम्पसमा आयोजित कार्यक्रम आयोगका सचिव होम प्रसाद लुईटेलको अध्यक्षता तथा हेटौंडा उपमहानगरपालिकाका वडा नम्बर ४ का वडा अध्यक्ष श्री नवीन सिग्देलको प्रमुख आतिथ्यतामा सम्पन्न भयो।

कार्यक्रममा आफ्नो मन्तव्य राख्दै आयोगका सचिव लुइटेलले सूचनाको हकको विकास, नेपालमा यसका कानुनी प्रावधान तथा सूचनाको हकको महत्वमाथि प्रकाश पार्नु भएको थियो। सो कार्यक्रमा विशिष्ट अतिथि सोही विद्यालयका प्रधानाध्यापक देविराम लामा तथा अतिथि वडा सदस्य र विद्यालय व्यवस्थापन समितिका पदाधिकारी र शिक्षकहरु रहनुभएको थियो।

कार्यक्रममा राष्ट्रिय सूचना आयोगका उपसचिव सुदर्शन ढकालले सूचनाको हकसम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। कार्यक्रममा भुटनदेवी मा. वि., श्रमिक मा.वि. र आधुनिक मा.वि. हेटौंडाका कक्षा ८, ९ र १० का विद्यार्थी तथा शिक्षकको सहभागिता रहेको थियो।

कार्यक्रममा आयोगका सचिव होम प्रसाद लुइटेलले सहभागीबाट राखिएका जिज्ञासाको जवाफ दिनु भएको थियो। सो कार्यक्रमका सहभागीलाई आयोगका लेखा अधिकृत अशोक न्यौपाने सहभागीलाई स्वागत गर्नु भएको थियो भने कार्यक्रमको सञ्चालन आयोगका शाखा अधिकृत जीवन कुँवरले गर्नुभएको थियो। ■




# कर्मचारी क्षमता अभिवृद्धि तालिम सम्पन्न

राष्ट्रिय सूचना आयोगमा कार्यरत कर्मचारीलाई उत्प्रेरित गर्ने र आयोगका क्रियाकलापमा सक्रियतापूर्वक सहभागी गराउने उद्देश्यका साथ तालिमका लागि स्रोत ब्यक्तिका रुपमा प्रशिक्षक उत्तम आचार्य र डा. ऋषिराज बाराकोटी रहने गरी आयोगमा कार्यरत कर्मचारीलाई आयोगको काममा बाधा नपर्ने गरी २०८१ असार १४ र १५ गते गरी आवासीय रुपमा ओम आध्याय रिट्रिट रिसोर्ट टिस्टुङ्ग, मकवानपुरमा उक्त तालिम सञ्चालन गरिएको थियो ।

आयोगका उपसचिव सन्तोष कुमार दाहालले सहभागी कर्मचारीहरुलाई तनाव व्यवस्थापनसम्बन्धी तालिममा स्वागत गर्नु हुँदै तालिमले कर्मचारीहरुमा केही हदसम्म भए पनि उत्साह र नयाँ ऊर्जा थपिने विश्वास व्यक्त गर्नु भयो । एकै किसिमको दैनिकी र गर्नुपर्ने कामका कारण व्यक्तिमा देखापर्ने अनेक किसिमका तनावलाई पनि व्यवस्थापन गर्न यस्तो कार्यक्रमले मद्दत पुग्ने भनाई उहाँले राख्नु भएको थियो ।

प्रशिक्षक उत्तम आचार्य र डा. ऋषिराज बाराकोटीले तनाव व्यवस्थापन सम्बन्धी विविध विषयमा सहभागी कर्मचारीका लागि ६ वटा सत्रमा तनावका प्रकार, तनाव सिर्जना गर्ने वातावरणीय तत्व, तनावका तह र तनावका प्रभाव र लक्षणका बारेमा बताउनु भएको थियो । यस क्रममा तनावका विशेषता के हुन् ? तनावलाई कसरी व्यवस्थापन गर्न सकिन्छ र यसलाई व्यवस्थापन गर्ने उपायहरु के-के हुन् भन्ने बिषयमा जानकारी दिनु भएको थियो । साथै योग प्रशिक्षकले डा. ऋषिराज बाराकोटीले योगमार्फत् तनाव व्यवस्थापन गर्ने तरिकाका साथै स्वस्थ रहने उपायहरु बताउनु भएको थियो ।

तालिममा सहभागी कर्मचारीहरुले सक्रियतापूर्वक भाग लिंदै आफूहरुलाई यस किसिमको तालिम केही हदसम्म भए पनि प्रभावकारी भएको र यस्ता तालिमहरुले कर्मचारीको आफ्नो दैनिक जीवनमा समेत सकारात्मक प्रभाव पर्ने अनुभूति गरेको बताएका थिए । आयोगका सचिव होम प्रसाद लुइटेलले तालिमले कर्मचारीहरुले प्रवाह गर्ने सेवामा समेत गुणस्तरीयता आउने विश्वास गर्दै कार्यक्रम समापन गर्नुभएको थियो । ■




# नकारात्मक असर पार्ने ढङ्गले सूचना माग गरिएको जनप्रतिनिधिको गुनासो

बर्दिया जिल्ला, बाँसगढी नगरपालिकाको आयोजनामा २०८१ बैशाख ३ गते सूचनाको हकसम्बन्धी एकदिने अन्तर्क्रियात्मक अभिमुखीकरण कार्यक्रम नगरपालिकाका नगरप्रमुख खडकबहादुर खड्काको अध्यक्षता र राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त रत्नप्रसाद मैनालीको प्रमुख आतिथ्यतामा सम्पन्न भयो ।

कार्यक्रममा राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त रत्नप्रसाद मैनालीले सूचनाको हक : कानुनी व्यवस्था र व्यावहारिक अभ्यास विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । सो अवसरमा नेपालमा सूचनाको हकको कानुनी व्यवस्था, कार्यान्वयनको अवस्थामा तथा सूचनाको हकको प्रयोगबाट भएका सकारात्मक उपलब्धीबारे विस्तृत चर्चा गर्दै सूचना माग गर्ने र प्राप्त गर्ने नागरिकको मौलिक अधिकारलाई सम्मान गर्न सूचना आयुक्त मैनालीले आग्रह गर्नु भयो ।

सार्वजनिक निकायले गरेका वा गर्न लागेका कामबारे नागरिकलाई जानकारी दिनका लागि नेपाली समाजमा व्यावहारिक रुपमा प्रचलनमा रहेको कटुवाल प्रथा पनि सूचनाको हकको सन्दर्भमा ऐतिहासिक रहेको उल्लेख गर्दै यसको कानुनी विकास र अवधारणाका बारे सूचना आयुक्त मैनालीले विस्तृत चर्चा गर्नु भयो । विश्वका विभिन्न देशमा सूचनाको हकको प्रयोगबाट भएका सकारात्मक घटनाबारे चर्चा गर्दै नेपालको संविधानमा लेखिएको नागरिक सर्वोच्चताको महत्वपूर्ण पक्ष सूचनाको हक रहेको सूचना आयुक्त मैनालीले बताउनु भयो ।

सार्वजनिक निकायलाई नागरिकप्रति जवाफदेही र उत्तरदायी बनाउन तथा सुशासन र पारदर्शिता कायम गर्न सूचनाको हकको प्रचलन विश्वव्यापी रुपमा बढ्दै गएको प्रसङ्ग उल्लेख गर्दै सार्वजनिक निकायका जिम्मेवार पदाधिकारीलाई गलत कार्य नगर्न खबरदारी गर्ने सबैभन्दा बलियो औजार सूचनाको हक भएको सूचना आयुक्त मैनालीले बताउनु भयो । यतिबेला विश्वमा खुला सरकारको अवधारणा विकास भइरहेको सन्दर्भबारे चर्चा गर्दै सूचनाको हकलाई कुण्ठित गर्न नहुने तथा सूचना प्रवाहमा अवरुद्धता भएको अवस्थामा आयोगबाट हुने जरिवाना र विभागीय कार्वाहीलगायतका विषयमा समेत सूचना आयुक्त मैनालीले चर्चा गर्नु भएको थियो ।

कार्यक्रमका अध्यक्ष तथा बाँसगढी नगरपालिकाका प्रमुख खडकबहादुर खड्काले सूचना माग गर्ने र प्राप्त गर्ने नागरिक अधिकारको सबैले सम्मान गर्नु पर्ने उल्लेख गर्दै कतिपयले दु:ख दिने नियतले सूचना माग गर्ने गरेको, सूचना माग गर्ने र प्राप्त गर्ने अधिकारको दुरुपयोग गरेको तथा नगरपालिकाको दैनिक क्रियाकलापमा नकारात्मक असर पार्ने ढङ्गले सूचना माग गर्ने गरेकोले त्यसतर्फ राष्ट्रिय सूचना आयोगको ध्यानाकर्षण गराउनु भयो ।

बाँसगढी नगरपालिकाले सूचनाको हकको सम्मान गर्ने भए पनि सीमित व्यक्ति खासगरी केही पत्रकारले गलत मनसायले सूचना माग गर्दा नगरपालिकाले असहज महसुस गरेको नगरप्रमुख खड्काले बताउनु भयो । कर्मचारी साथीहरुलाई कुन सूचना दिन, मिल्ने कुन दिन नमिल्ने भन्ने द्विविधा हुने गरेकोले सो द्विविधा हटाउन कार्यक्रम आयोजना गरिएको बताउनु भयो ।



बाँसगढी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत नोखिराम ओलीले कार्यक्रमका सहभागीलाई स्वागत गर्दै सूचनाको हकको प्रयोग र प्रचलनका लागि सहज होस् भनी कार्यक्रमको आयोजना गरिएको बताउनु भयो। सूचना माग गर्ने नागरिकको अधिकार भए पनि सरोकारै नभएका व्यक्तिले सूचना माग गर्ने, एउटा प्रयोजनका लागि सूचना माग गरेर अर्कै प्रयोजनमा प्रयोग गर्ने, केही सञ्चारकर्मीले नगरपालिकाको अनुमतिबिना नै सूचना प्रकाशन गरी भुक्तानी माग गर्ने तथा सो रकम भुक्तानी नभएपछि गलत र दुःख दिने मनसायले सूचना माग गरी पालिकाको दैनिक कार्यमा नकारात्मक प्रभाव पारिरहेको, पालिकासँग सरोकार नै नभएका अन्यत्रका नागरिकले सूचना माग गरेर हैरानी दिने गरेको बताउँदै यस्तो अवस्थामा कस्ता प्रकारका सूचना प्रवाह गर्दा के हुने भन्ने अन्योल भएकोले कार्यक्रमबाट सो अन्योल हट्ने विश्वास व्यक्त गर्नु भयो।

नेपाल पत्रकार महासंघ, बर्दियाका अध्यक्ष यादव आचार्यले सूचना माग गर्ने र प्राप्त गर्ने नागरिकको अधिकारलाई कुनै पनि बहानामा कुण्ठित गर्न नहुने बताउँदै गलत मनसायले सूचना माग गर्ने पत्रकारका बारेमा महासंघलाई जानकारी प्राप्त भए महासंघका त्यस्ता सदस्यविरुद्ध गम्भीर कदम चाल्ने बताउनु भयो।



इलाका प्रशासन कार्यालयका प्रमुख डिल्लीराम आचार्यले सूचना माग गर्ने र प्राप्त गर्ने महत्वपूर्ण अधिकारको सदुपयोग हुन सके सुशासन कायम हुने बताउनु भयो।

कार्यक्रमका सहभागीबाट राखिएका प्रश्न र जिज्ञासाको जवाफ दिंदै सूचना आयुक्त मैनालीले राष्ट्रिय सूचना आयोगबाट भएका आदेश र फैसलाहरुबाट सुशासन र पादर्शिताका क्षेत्रमा पुगेका योगदानबारे प्रसङ्गसहित घटनाहरु उल्लेख गर्नु भएको थियो। बाँसगढी नगरपालिकालाई सूचनाको हकमैत्री नमूना पालिका बनाउन सुझाव दिंदै कार्यक्रमबाट सूचनाको हकको कार्यान्वयनमा मद्दत पुग्ने विश्वास व्यक्त गर्नु भयो।

कार्यक्रममा बाँसगढी नगरपालिकाका उपप्रमुख इन्दिरा चौधरी, इलाका प्रशासन कार्यालयका प्रमुख डिल्लीराम आचार्य, उपसचिव मनप्रसाद रेग्मी, इलाका प्रहरी कार्यालयका प्रमुख सुरज सिंह अतिथि रहनु भएको कार्यक्रमको सञ्चालन बाँसगढी नगरपालिकाका सूचना अधिकारी क्षितिज पौडेलले सञ्चालन गर्नु भएको थियो। कार्यक्रममा १ सय ५० भन्दा बढीको सक्रिय सहभागिता रहेको सो कार्यक्रममा भीमप्रसाद रिजाल, अर्जुनप्रसाद तिवारीलगायतका सहभागीले जिज्ञासा राख्नु भएको थियो। ■

## जनकपुरमा आरटीआई क्याम्प



Accountability Lab, Nepal को आयोजनामा २०८१ बैशाख ११ जनकपुरमा RTI Youth Camp सम्पन्न भयो। उक्त युथ क्याम्पमा विविध क्षेत्रका विज्ञहरुबाट सूचनाको हकसँग सम्बन्धित जवाफदेहिता, पारदर्शिता, सूचनाको हकजस्ता विषयहरुमा प्रशिक्षण सञ्चालन गरिएको थियो। महिला, विद्यार्थी, अभियन्ता, सञ्चारकर्मी युवाहरुको सहभागिता रहेको क्याम्प सामाजिक न्यायका लागि जागरुकता ल्याउन आयोजना गरिएको थियो।

सो कार्यक्रममा सूचनाको हकको कार्यान्वयनका सन्दर्भमा राष्ट्रिय सूचनाको आयोगको भूमिका र व्यावहारिक पाटोका विषयमा आयोगका प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरुङ्गले प्रशिक्षण दिनु भएको थियो। प्रमुख सूचना आयुक्त गुरुङ्गले कानुनले आयोगलाई दिएको अधिकार, कार्यान्वयन प्रगति, पुनरावेदन, उजुरी तथा निवेदनका सम्बन्धमा गरिने निर्णय प्रक्रिया, आदेश तथा उपलब्धी र युवाहरुले खेल्न सक्ने भूमिका तथा अपेक्षाका बारे प्रशिक्षण दिनु भएको थियो।

सहभागीबाट राखिएका जिज्ञाशा तथा प्रश्नहरुलाई पनि सम्बोधन गर्दै सूचनाको हकलाई केन्द्रमा राखेर गरिने यस्ता कार्यक्रमले सूचनाको हकलाई नागरिक तहसम्म पुऱ्याउन महत्वपूर्ण भूमिका खेल्ने विश्वास प्रमुख सूचना आयुक्त गुरुङले व्यक्त गर्नु भयो। युवालाई लक्षित गरेर यस्तो प्रकारको कार्यक्रम राखेकोमा आयोगका तर्फबाट Accountability Lab, Nepal का साथै युरोपियन युनियन र इन्टरनेशनल एलर्टलाई दिंदै आगामी दिनमा पनि यस्ता कार्यक्रम राख्न प्रमुख सूचना आयुक्त गुरुङले अनुरोध गर्नु भयो।

# ‘सूचना मागकर्ताको संरक्षणका लागि कानुन आवश्यक’

राष्ट्रिय सूचना आयोगका प्रमुख आयुक्त महेन्द्रमान गुरुङले सूचना मागकर्ताको संरक्षणका लागि कानुन आवश्यक रहेको बताउनु भएको छ ।

असल शासन संरक्षण मञ्चले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सहयोगमा २०८१ असार ११ गते काठमाडौंमा आयोजना गरेको ‘सूचनाको हक कार्यान्वयनमा पत्रकारिता’ विषयक कार्यशालामा प्रमुख आयुक्त गुरुङले सूचना मागेकै कारण हाल चार जनाले फौजदारी मुद्दा खेपिरहेका र उनीहरूको न्यायका लागि आयोगले सहजीकरण गरिरहेको बताउनुभयो । आयोग स्थापना भएको १७ वर्षमा सम्बन्धित कार्यालयमा माग गरिएका सूचना नपाएका कारण आयोगमा नौ हजार एक सय ७० पुनरावेदन प्राप्त भएकामा ९३ प्रतिशत फछ्यौट गरिएको उहाँले जानकारी दिनुभयो ।

‘सूचनाको हक कार्यान्वयनमा सञ्चारमाध्यमको भूमिका’ विषयक कार्यपत्र प्रस्तुत गर्दै प्रमुख आयुक्त गुरुङले आयोगको आदेशपश्चात् चालक अनुमतिपत्रमा भएको अनियमितता छानबिन प्रतिवेदन सार्वजनिक भएको र स्थानीय तहले गर्ने खर्चको लेखापरीक्षण प्रतिवेदन वेबसाइटमार्फत् सार्वजनिक गर्न महालेखापरीक्षकको कार्यालयलाई आयोगले आदेश गरेको जानकारी गराउनुभयो ।



कार्यपत्रमा जिल्ला र उच्च अदालतमा सूचना अधिकारी तोक्न र स्वत: प्रकाशनको व्यवस्था गर्न सर्वोच्च अदालतमार्फत् गरिएको आदेश, त्रिभुवन विश्वविद्यालयका परीक्षार्थीले आफ्नो उत्तरपुस्तिका हेर्न पाउने, सर्वोच्च अदालतबाट व्याख्यासहित आयोगको आदेशको पक्षमा फैसला, तराई-मधेसमा विभिन्न समयमा भएका आन्दोलनका विषयमा छानबिन गर्न गठित लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्न आदेश गरिएको पनि प्रमुख सूचना आयुक्त गुरुङले उल्लेख गर्नु भयो ।

यस्तै, आयोगले ३३ किलो सुनसम्बन्धी अध्ययन गर्न बनेको समितिद्वारा तयार प्रतिवेदन सार्वजनिक गर्न आदेश, लगानी बोर्ड र जिएमआरबीचको अपर कर्णालीको परियोजना विकास सम्झौता (पिडिए), नेपाल-भारतबीच भएको पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाको विधान, नेपाल र चीनबिच हवाईजहाज खरिद अनुदान सम्झौता, नलसिंगाढको परामर्शदाता नियुक्तिका सूचना उपलब्ध गराउन आदेश गरेको प्रसङ्ग उल्लेख गर्दै प्रमुख आयुक्त गुरुङले सूचना नदिएको आधारमा हालसम्म ४३ जनालाई कारबाही भएको बताउनु भयो ।

राष्ट्रिय समाचार समिति (रासस) का कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले खोजी पत्रकारितालाई विशेष ध्यान दिई पत्रकार सूचनाका लागि समाजमा जानुपर्नेमा जोड दिनुभयो । ‘आमसञ्चार र सूचनाको हकमा पत्रकारिता’ विषयक कार्यपत्र प्रस्तुत गर्दै उहाँले समाचारमा स्रोतको विविधता हुनुपर्ने, पत्रकारले स्थलगत समाचार सङ्कलनमा बढी ध्यान दिनुपर्ने र विविध भाषामा दक्षता भएका पत्रकारलाई सूचना लिन सहज हुने आफ्नो अनुभव सुनाउनु भयो ।

मञ्चका अध्यक्ष जयादुर्गा बुढाथोकीले सूचनाको हक कार्यान्वयनमा सञ्चारमाध्यमको प्रमुख भूमिका हुने र समाजमा सुशासन, मानवअधिकार रक्षाका लागि योगदान पुग्ने उद्देश्यका साथ कार्यक्रमको आयोजना गरिएको जानकारी गराउनु भयो । कार्यक्रममा सहभागीहरूले सूचनाको हकसम्बन्धी ऐन आए पनि पत्रकारले सहजरुपमा सूचना पाउन नसकेको र सूचना दिने निकायले विभिन्न बहाना देखाउने गरेको अनुभव सुनाउनु भएको थियो । ■



# 'सार्वजनिक निकायमा रहेका सबै सूचना माग्न पाइन्छ'

सुदुरपश्चिम प्रदेश, आन्तरिक मामिला तथा कानुन मन्त्रालयको आयोजनामा सूचनाको हक सम्बन्धी प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रम २०८१ असार २३ गते धनगढीमा सम्पन्न भयो। राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरुङ्ग प्रमुख अतिथि रहनु भएको सो कार्यक्रमका अतिथिहरुमा प्रदेशका प्रमुख सचिव डा. हरि बस्याल र सूचनाको हकका लागि राष्ट्रिय महासंघका अध्यक्ष उमिद बागचन्द रहनु भएको थियो। कार्यक्रमको अध्यक्षता मन्त्रालयका सचिव सुशील वैद्यले गर्नु भएको थियो।

कार्यक्रमका प्रमुख अतिथि प्रमुख सूचना आयुक्त गुरूङले कार्यक्रमको उद्घाटन गर्नु भएको थियो। सो क्रममा प्रमुख सूचना आयुक्त गुरूङले सूचनाको हकसम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। कार्यपत्रमा सूचनाको हकको कानुनी पक्ष, सूचना माग्ने तरिका, आयोगका क्रियाकलाप, महत्वपूर्ण आदेशहरु समेटिएका थिए। त्यस्तैगरी सूचनाको हकका लागि राष्ट्रिय महासंघका अध्यक्ष उमिद बागचन्दले सूचनाको हकका विविध पक्षहरु समेटिएको अर्को कार्यपत्र पेश गर्नु भएको थियो।

कार्यपत्रहरु माथि सहभागीहरुले टिप्पणी गर्दै सूचना माग्न मुश्किल रहेको, स्वत: प्रकाशन गरे-नगरेको अनुगमन कसले गर्ने हो ? सूचना मागकर्ताको निवेदन प्राप्त नहुँदै आयोगको आदेश आइपुग्छ त्यस्तोमा के गर्ने ? असम्बन्धित सूचना माग्छन्, करारको कर्मचारीलाई सूचना अधिकारी तोकिन्छ, प्रदेशमा सूचनाको हकसम्बन्धी कानुन आवश्यक छ कि छैन ? कर्मचारीका हाजिरीजस्ता व्यक्तिगत सूचना दिनु पर्ने हो कि नपर्ने ? सूचना दुरुपयोग कसरी बुझ्ने ? अशिक्षित र अपाङ्गहरुले कसरी सूचना माग्ने ? जनप्रतिनिधिले किन सूचना चाहियो भनेर प्रश्न गर्ने ? सूचनाको हक सम्बन्धी तालिम अझ व्यापक बनाउनु पर्नेजस्ता जिज्ञासा र सुझावसहित सूचनाको हक कार्यान्वयनका चुनौति र समाधानका विषयमा कार्यपत्र आएको भए राम्रो हुने धारणा राखेका थिए।

नागरिकले सार्वजनिक निकायमा रहेको सबै सूचना माग्न पाउने, सार्वजनिक निकायले दिन मिल्ने-नमिल्ने विषयमा नागरिकलाई लिखित जानकारी दिनु पर्ने, नेपाल सरकारले सूचनाको हक कार्यान्वयन अनुगमन निर्देशिका बनाएर केन्द्रदेखि प्रदेश र जिल्ला तहसम्म अनुगमन संयन्त्र बनाएको, त्यही संयन्त्रले अनुगमन गर्नु पर्ने, सूचना मागकर्ताले इमेलबाट पनि सूचना माग्न पाइने हुँदा आफ्नो इमेल हेर्ने र अपडेट गरिरहनुपर्ने, सूचना अधिकारी कसलाई तोक्ने भन्ने विषय कार्यालय प्रमुखको जिम्मेवारी हुने र सूचना उपलब्ध नभएमा मूल जिम्मेवारी पनि कार्यालय प्रमुखको नै हुने, कर्मचारीको हाजिरी गोप्य हुन नसक्ने, सूचना मागकर्ताले सूचना माग गर्दा उल्लेख गरेको उद्देश्य विपरित प्रयोग गरेको अवस्थामा दुरुपयोग मानिने कानुनी व्यवस्था रहेको, अशक्त नागरिकले सूचना माग्न आएमा सूचना अधिकारीले अभिलेख राखी सूचना दिनु पर्ने तथा यस्ता कार्यक्रम विभिन्न जिल्ला




तथा स्थानीय तहमा हुने नै गरेको प्रमुख सूचना आयुक्त गुरूङले जानकारी दिनु भएको थियो। प्रमुख सूचना आयुक्त गुरुङ्गले महत्वपूर्ण कार्यक्रम राखिएकोमा सुदुरपश्चिम प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालयलाई धन्यवाद दिंदै सूचना अधिकारीलाई सक्षम बनाउन सार्वजनिक निकायले पर्याप्त सुविधा तथा बजेट राख्ने व्यवस्था गर्न र सूचनाको हक कार्यान्वयनमा सबैको सक्रियता आवश्यक रहेको विचार व्यक्त गर्नु भएको थियो।

कार्यक्रमका अतिथि तथा सुदुरपश्चिम प्रदेश सरकार प्रमुख सचिव डा. हरि बस्यालले सूचनाको हक अत्यन्त महत्वपूर्ण रहेको, अझै पनि स्व:स्फूर्त रुपमा सूचना दिन नसकिएको, नागरिकले माग गरेको सूचना सहज पाउनु पर्ने भनाइ राख्नु भएको थियो। कार्यक्रमको अध्यक्षता गर्नु भएका आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव सुशील वैद्यले सक्रिय सहभागिताका लागि सहभागी सबैलाई धन्यवाद दिंदै आगामी दिनमा पनि सूचनाको हक सम्बन्धी कार्यक्रम राख्दै जाने प्रतिबद्धता व्यक्त गर्नु भयो। सहभागीलाई मन्त्रालयका उपसचिव कृष्णप्रसाद नेपालले स्वागत गर्नु भएको कार्यक्रमको सञ्चालन सूचना अधिकारी दिपेन्द्र बिष्टले गर्नु भएको थियो। उक्त कार्यक्रममा प्रदेश मन्त्रालयका सचिवहरु र सूचना अधिकारीहरु, प्रदेश प्रहरी प्रमुख, मानव अधिकार प्रदेश प्रमुख, कर्मचारी, सञ्चारकर्मी, सूचनाको हकका अभियन्ता, नागरिक समाजको उपस्थिति रहेको थियो। ■

# 'भाइब्रेन्ट इन्फरमेशन ब्यारोमिटर' सार्वजनिक




भाइब्रेन्ट इन्फरमेशनको अवस्थाका सम्बन्धमा नेपालको अवस्था सन्तोषजनक रहेको एक अध्ययनले देखाएको छ। अन्तर्राष्ट्रिय विकासका लागि अमेरिकी नियोग (युएसएआईडी) को सहयोगमा इन्टरनेशनल रिसर्च एण्ड एक्सचेञ्ज र द एशिया फाउण्डेशनद्वारा संयुक्त रूपमा गरिएको अध्ययनले नागरिक समाज र सञ्चार क्षेत्रमा कार्यरत व्यक्तिसँग सो अध्ययन गरिएको आज यहाँ आयोजित कार्यक्रममा जानकारी दिइयो। 'भाइब्रेन्ट इन्फरमेशन ब्यारोमिटर' (भाइब) नामक अध्ययन प्रतिवेदनमा नेपालले ४० पूर्णाङ्कमा २३ नम्बर प्राप्त गरेको हो। उक्त प्रतिवेदनका अनुसार लुम्बिनी प्रदेशले कूल ४० मा २४ अङ्क र मधेस प्रदेशले कूल ४० मा २२ अङ्क प्राप्त गरेको उल्लेख छ।

उल्लेखित प्रतिवेदन राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरुङ र एसिया फाउण्डेशनका कन्ट्री डाइरेक्टर मेगान नाल्बोले संयुक्त रुपमा एक समारोहका बीच २०८१ असार १२ गते काठमाडौंमा सार्वजनिक गर्नु भयो।

प्रतिवेदनमा सूचनाको गुणस्तर, सूचना प्रवाह गर्ने माध्यम, सूचनाको खपत र संलग्नता र रुपान्तरणकारी कार्य सिद्धान्तको अध्ययन गरेर सार्वजनिक गरिएको प्रमुख अनुसन्धानकर्ता उमेश पोखरेलले जानकारी दिनुभयो। विविधतापूर्ण र समावेशी हुने गरी छनोट गरिएका विज्ञको समूहले नेपालको सूचनाको अवस्थालाई २० मुख्य सूचक र १ सय ६७ उपसूचकमा आधारित रहेर अध्ययन गरेको थियो। बीस मुख्य सूचकमा गुणस्तरीय सूचनाको उपलब्धता, तथ्यमा आधारित सूचना, सूचनाको समावेशिता, सूचना उत्पादनमा आर्थिक पर्याप्तता, सूचनाको अधिकार, सूचनाको माध्यममा पहुँच, सरकारी सूचनामा पहुँचलगायत रहेका थिए।

राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरुङले सूचनाको हकलाई संविधानमा नै उल्लेख गरिएकाले नागरिकले सही सूचना समयमै पाउनुपर्ने बताउनुभयो। उहाँले नेपालमा सूचना र सञ्चारको क्षेत्रमा नीति, रणनीति र कानुन बनाउनका लागि यस्ता प्रतिवेदनले सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो। राष्ट्रिय सूचना आयोगले समेत नेपालको सूचनाको क्षेत्रमा अध्ययन अनुसन्धान गरिरहेको उहाँको भनाइ थियो।

द एसिया फाउण्डेशनका देशीय प्रतिनिधि मेघन नाल्वो, युएसएआईडीद्वारा सञ्चालित 'नागरिक समाज र मिडिया'का कार्यक्रम निर्देशक अजय दासलगायतले सामाजिक सञ्चालनमा आउने गलत सूचनाले जनतामा भ्रम सिर्जना गर्दै गएको बताउनु भयो। राष्ट्रियस्तरको प्रतिनिधित्व गर्ने गरी काठमाडौं, लुम्बिनी र मधेस प्रदेशका सम्पादक, सञ्चार व्यवस्थापक, नागरिक समाजका सदस्य, संवाददाता, शिक्षक र अभियानकर्मीलाई सो अनुसन्धानमा सङ्लग्न गराइएको थियो। ■

**बैशाखदेखि असार मसान्तसम्म आयोगमा प्राप्त पुनरावेदन**

| महिना | मुद्दा दर्ता संख्या | १० (२) बमोजिम आदेश | १० (३) (क) बमोजिम आदेश | ३२ (१) (२) बमोजिम हुने चेतावनीको आदेश | १० (३) (ख) बमोजिम आदेश | पत्राचार | इजलास संख्या |
|---|---|---|---|---|---|---|---|
| बैशाख | ११२ | ११४ | १२२ | ८ | ४९ | ३५६ | ९ |
| जेठ | २९३ | १९३ | १२२ | १ | २४ | २६६ | ९ |
| असार | १२१ | ३४ | ३५५ | ३ | १४० | ४४३ | १२ |
| **जम्मा** | **५२६** | **३४१** | **५९९** | **१२** | **२१३** | **१०६५** | **३०** |

२०८०/८१ मा १२६५ पुनरावेदन दर्ता, जसमध्ये १२०० फछ्र्यौट र ६५ फछ्र्यौट हुन बाँकी

# विश्वसनीय पत्रकारिताका लागि सूचनाको हक प्रयोग गर्नु उपयुक्त




राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरुङले अनियमितता हुने गरेका सार्वजनिक निकायबाट मागकर्ता नागरिकले सूचना नपाउने गरेको बताउनु भएको छ। सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको आर्थिक सहयोगमा आयोजना भएको प्रमाणमा आधारित पत्रकारिताका लागि सूचनाको हक विषयक कार्यक्रममा प्रमुख सूचना आयुक्त गुरुङले अनियमितता हुने सार्वजनिक निकायबाट नागरिकले सूचना नपाउने देखिएको बताउनु भएको हो।

सूचनाको हकका लागि राष्ट्रिय महासङ्घले २०८१ असार १३ गते काठमाडौँमा आयोजना गरेको 'प्रमाणमा आधारित पत्रकारिताका लागि सूचनाको हक' विषयक अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै उहाँले अनियमितता गर्ने सार्वजनिक निकायले सूचना नदिएपछि मागकर्ता आयोगमा पुनरावेदन लिएर आउने गरेको र आयोगको आदेशपछि सूचना पाउने गरेको सुनाउनुभयो। बाल मन्दिर, जुद्धोदय विद्यालय लगायत निकायमा पत्रकारले सूचनाको हक प्रयोग सूचना माग गरेर समाचार सार्वजनिक गरेपछि त्यसको प्रभाव परेको जानकारी उहाँले गराउनुभयो।

'मागकर्तालाई सूचना दिलाउन संवैधानिक निकायसँगै पनि हामी लड्नुपरेको छ, लोक सेवा आयोगले सूचना नदिएपछि माग अनुसारको सूचना दिन आदेश भएको छ, शिक्षक सेवा आयोगले पनि मागकर्ताले मागेको सूचना दिएको छैन, विराटनगरकी एक छात्राको उत्तरपुस्तिका साटफेर गरिएको घटना सूचना माग गरेर पाएको सूचनाकै आधारमा सार्वजनिक भएको थियो', प्रमुख आयुक्त गुरुङले भन्नुभयो। सूचना माग गरेकै कारण गोकर्णेश्वरका छ जना नागरिक पक्राउ परेको घटनामा पनि आयोगको ध्यानाकर्षण भएको उहाँले बताउनुभयो। त्यस विषयमा जिल्ला प्रशासन कार्यालय काठमाडौँलाई पत्र लेखी वास्तविकता माग गरिएको उल्लेख गर्नुहुँदै प्रमुख सूचना आयुक्त गुरुङले यससम्बन्धी निर्णय गर्न शुक्रबार आयोगको बैठक बस्ने जानकारी दिनुभयो। हाल छलफलमा रहेको शिक्षा विधेयकमा गोप्य राख्ने विषय समावेश नगर्न आयोगले पत्राचार गरेको उल्लेख गर्नुहुँदै उहाँले यसमा नागरिक संस्थाले पनि खबरदारी गर्नुपर्नेमा जोड दिनुभयो। नेपाल पत्रकार महासङ्घका पूर्व सभापति एवम् सूचनाको हकका अभियानकर्मी तारानाथ दाहालले गोकर्णेश्वरका युवा अभियानकर्मीलाई सूचना मागेर भ्रष्टाचार एवम् अनियमितताको विरोध गरेकै कारण राज्यसंयन्त्रले नै झुटा मुद्दा लगाएर फसाउन खोजेकामा आपत्ति जनाउनुभयो।

'गोकर्णेश्वरबाट पक्राउ परेका अभियानकर्मीका विषयमा सुरुमा प्रहरीले ठीकै गरेको होला भन्ने लागेको थियो, पछि मैले तीन दिन लगाएर खोजबीन गर्दा झुटा मुद्दामा युवा अभियानकर्मीलाई फसाएर तर्साउन खोजेको पुष्टि भयो, सङ्घीय सांसद, नगर प्रमुखलगायत स्थानीय तहका जनप्रतिनिधि, प्रमुख प्रशासकीय अधिकृतलगायत संस्थाका उच्च अधिकारीको समेत मिलेमतोमा यो घटना भएको रहेछ', उहाँले भन्नुभयो।

सूचनाको हकले गोकर्णेश्वरमा तरङ्ग ल्याएको उल्लेख गर्नुहुँदै अभियानकर्मी दाहालले पत्रकारितामा पनि यसको प्रयोग गरिनुपर्नेमा जोड दिनुभयो। सूचनाको हक प्रयोग गरेर प्राप्त भएका सूचनाका आधारमा लेखिएका समाचार प्रभावकारी देखिएको उल्लेख गर्नुहुँदै उहाँले मेलम्ची खानेपानी आयोजनामा आफूले मागेको सूचनाका आधारमा टक्सार म्यागेजिनले लेखेको समाचारले सबैको ध्यान तानेको बताउनु भयो। आन्तरिक राजश्व विभागसँग कर छलीका विषयमा अध्ययन भएको प्रतिवेदन सूचनाको हक प्रयोग गरेर माग गरी सार्वजनिक गरेपछि अहिले रु. १० अर्ब ७७ करोड राजश्व उठेको दाहालले जानकारी गराउनुभयो। गोकर्णेश्वरबाट अभियानकर्मी पक्राउ परेको घटनामा प्रहरी पनि फसेको उल्लेख गर्नुहुँदै उहाँले यसलाई छिटो सच्याउन अपील गर्दै नसच्चिए सूचनाको हकका सबै अभियानकर्मी आन्दोलनमा उत्रन बाध्य हुने चेतावनी दाहालले दिनु भयो।

नेपाल प्रहरीका सहप्रवक्ता विश्व अधिकारीले प्रहरीको अनुसन्धान प्रमाणमा आधारित हुने गरेको उल्लेख गर्नुहुँदै प्रहरी वृत्त बौद्धले पक्राउ गरेका गोकर्णेश्वरका अभियानकर्मीका विषयमा पनि सूचना माग गर्न सकिने बताउनु भयो। जाहेरी परेपछि पक्राउ परेका अभियानकर्मीका विषयमा अहिले अनुसन्धान भइरहेको जानकारी आफूले पाएको कार्यक्रममा उहाँले सुनाउनुभयो।

महासङ्घका अध्यक्ष उमीद बागचन्दले गोकर्णेश्वरको घटनामा सार्वजनिक भएको श्रव्यदृश्य सामग्रीका आधारमा घटना सुनियोजित भएको पुष्टि भएको बताउनुभयो। गोकर्णेश्वरको घटनाका विषयमा राष्ट्रिय मानव अधिकार आयोगको ध्यानाकर्षण गराउन जाँदा आयोगका अध्यक्षले यो घटनामा अभियानकर्मीलाई पक्राउ गर्नुपर्ने कारण नदेखेको उल्लेख गर्नुभएको उहाँले सुनाउनु भयो। दुई दिनभित्र अभियानकर्मीलाई नछोडे महासङ्घ कडा आन्दोलनमा उत्रन बाध्य हुने अध्यक्ष बागचन्दको चेतावनी थियो। सूचनाको हक प्रयोग गरेर खोजी समाचार सार्वजनिक गरी भ्रष्टाचार, अनियमितताजस्ता घटना बाहिर ल्याउने सीप पत्रकारमा बढाउन पनि महासङ्घले काम गर्ने उहाँको भनाइ थियो।

गैरसरकारी संस्था महासङ्घका अध्यक्ष रामप्रसाद सुवेदीले संविधानमा मौलिक हकका रुपमा रहेको सूचनाको हक कार्यान्वयनका लागि सरोकार भएका निकायले समन्वयात्मक रुपमा काम गर्नुपर्नेमा जोड दिनुभयो। कार्यक्रममा महासङ्घका सचिव पूर्णप्रसाद मिश्र, गोकर्णेश्वरमा सूचनाको हक प्रयोग गर्दा पक्राउ परेका व्यक्तिका परिवारका सदस्यहरु रिखीराम खत्री, उमा आचार्य, उमेश कार्की, सविना सुनार बराइली, शकुन्तला क्षेत्रीलगायतले सूचनाको हक निर्वाध रुपमा कार्यान्वयन गरी अनियमितता, भ्रष्टाचारजस्ता घटना रोकिनुपर्नेमा जोड दिनुभएको थियो। ■

# सूचना उपलब्ध गराउन लोक सेवा आयोगलाई आदेश

राष्ट्रिय सूचना आयोगले लोक सेवा आयोगलाई आदेश गरेको छ। सिन्धुपाल्चोक, इन्द्रावती-४ निवासी पूर्ण प्रसाद मिश्र र महोत्तरी जिल्ला, पिपरा गा. पा.-७, बनौली हाल चन्द्रागिरी न. पा.-१३, थापागाउँ, काठमाडौं निवासी शारदा भुसाल भाले गर्नु भएको पुनरावेदनउपर आदेश गर्दै १० (३) (क) बमोजिम सूचना उपलब्ध गराउन लोक सेवा आयोगलाई आदेश गरेको छ। मिश्रको पुनरावेदनउपर २०८१ जेठ १७ र भुसालको पुनरावेदन उपर २०८१ साल असार २८ गते आयोगबाट आदेश भएको हो।

मिश्रको पुनरावेदनउपर लोकसेवा आयोग, केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाडौंको नाममा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १० को उपदफा (२) बमोजिम ७ (सात) दिनभित्र आयोग समक्ष लिखित जवाफ पठाउनू भनी सूचना आयोगबाट भएको आदेशपश्चात् लोकसेवा आयोग, केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाडौंले २०८०/१२/२८ को पत्रसाथ आयोग समक्ष पेश गरेको थियो। सो लिखित जवाफमा लोक सेवा आयोग ऐन, २०७९ को दफा ५२ को उपदफा (१) र (२), हकसम्बन्धी ऐन, २०६४ को दफा २७ अनुसार सूचनाको वर्गीकरण गरी सूचना मागकर्तालाई दिन मिल्ने र गोप्य राख्नुपर्ने सूचना निर्क्यौल सम्बन्धि व्यवस्था, लोक सेवा आयोग ऐन, २०७९ को दफा ५२ को व्यवस्था, लोक सेवा आयोग (कार्यसञ्चालन) निर्देशिका, २०७९ र आयोगको मिति २०८० श्रावण २५ गतेको सूचना वर्गिकरण सम्बन्धी नीतिगत निर्णयबमोजिम पुनरावेदन खारेज भागी भएको दावी गरिएको थियो।

नेपालको संविधानको धारा २७ भएको व्यवस्था, सूचनाको हकसम्बन्धी ऐन २०६४ बमोजिम पुनरावेदकले माग गरेको सूचना दिनु नपर्ने अवस्था नरहेको तथा विपक्षी सार्वजनिक निकायका प्रमुखद्वारा प्रस्तुत लिखित जवाफमा लोक सेवा ऐन, २०७९ को दफा ५२ बमोजिम केही सूचनाहरु वर्गीकरण गरी गोप्य राख्ने निर्णय गरेको भनिएको विषय सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २७ मा सूचना वर्गीकरणका लागि नेपाल सरकारका मुख्य सचिवको अध्यक्षता रहने समितिबाहेक अन्य निकायलाई सूचनाको वर्गीकरण गर्ने अधिकार कानुनले नदिएको राष्ट्रिय सूचना आयोगको आदेशमा उल्लेख गरिएको छ।

पुनरावेदकले सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिमका प्रक्रियासमेत पूरा गरी सूचना माग गरेको अवस्थामा सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले प्रवाह गर्न नपर्ने भनी उल्लेख गरिएका विषय बाहिरका विषयमा अन्य कानुनी व्यवस्थाको आधारमा सूचना दिन नमिल्ने भन्न मिल्ने अवस्था नदेखिएको उल्लेख गर्दै लोक सेवा आयोगको पुनरावेदनमा यस आयोगबाट २०८०/०२/१६ मा भएको आदेश गरेको विषय स्मरण गर्नु पर्ने विषय रहेको जनाइएको छ।

आयोगको आदेशमा भनिएको छ, 'सम्मानित सर्वोच्च अदालतबाट भएका आदेश तथा परमादेश तथा राष्ट्रिय सूचना आयोगबाट यस अघि भएका निर्णय र आदेशसमेतको विश्लेषण तथा कागजातहरुको अध्ययनका आधारमा समेत पुनरावेदकले विपक्षी सार्वजनिक निकायमा माग गरेको सूचना कानुन सम्मत र नेपालको संविधान तथा सूचनाको हकसम्बन्धी कानुनले प्रदान गरेको अधिकार क्षेत्रभित्र रहेको अवस्थामा पुनरावेदकले माग गरेबमोजिमको सूचना सरल र सहज रुपमा र तत्काल उपलब्ध गराउन पर्ने देखिन्छ। नेपालको संविधान र सूचनाको हकसम्बन्धी कानूनले प्रदान गरेको अधिकारबाट पुनरावेदकलाई वञ्चित गराउनु कानून सम्मत नहुने तथा प्रचलित कानून विपरित हुने हुन्छ। तसर्थ सूचना मागकर्तालाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १० को उपदफा (३) को खण्ड (क) अनुसार तपसिलको सूचना १५ (पन्ध्र) दिनभित्र उपलब्ध गराउनू भनी लोकसेवा आयोग, केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाडौंको कार्यालय प्रमुखको नाममा यो आदेश जारी गरिएको छ। यसको जानकारी पुनरावेदकलाई दिनू।'

आयोगबाट २०८१ जेठ १७ गते भएको आदेशमा, २०८० भदौ २४ र भदौ २५ गते सञ्चालन भएको राष्ट्रिय समाचार समिति सातौं तह सहसमाचारदाता/सहसम्पादक (नेपाली) पदको आन्तरिक प्रतिस्पर्धामा सहभागी निज पुनरावेदकको पहिलो र दोस्रो पत्रको लिखित परीक्षाको उत्तरपुस्तिकाको परीक्षण अङ्कसहितको प्रमाणित प्रतिलिपि, पुनरावेदकले प्राप्त गरेको अन्तर्वार्ताको अङ्कसहितको प्रमाणित प्रतिलिपि, २०७८ फागुन २८ र फागुन २९ गते सञ्चालन भएको राष्ट्रिय समाचार समिति सातौं तह सहसमाचारदाता/सहसम्पादक (नेपाली) पदको आन्तरिक प्रतिस्पर्धामा सहभागी निज पुनरावेदकको पहिलो र दोस्रो पत्रको लिखित परीक्षाको उत्तरपुस्तिकाको परीक्षण अङ्कसहितको प्रमाणित प्रतिलिपि उपलब्ध गराउन भनिएको छ।

यसैगरी शारदा भुसाल भाबाट लोक सेवा आयोगले आफूले माग गरेको सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी २०८०/१२/२८ मा पुनरावेदन भएको थियो। सो पुनरावेदनका सम्बन्धमा लोक सेवा आयोगको कार्यालय, कमलपोखरी, काठमाडौंको नाममा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १० को उपदफा (२) बमोजिम ७ (सात) दिनभित्र लिखित जवाफ पठाउनू भनी राष्ट्रिय सूचना आयोगबाट आदेश भएकोमा लोक सेवा आयोगको कार्यालय, कमलपोखरी, काठमाडौंले २०८१/०१/२३ को पत्रसाथ आयोग समक्ष लिखित जवाफ पेश गरेको थियो।

सो लिखिति जवाफमा लोक सेवा आयोग ऐन, २०७९ तथा नियमावली, २०७९ बमोजिम आयोगले गोप्य राख्नुपर्ने ठहऱ्याएको परीक्षासम्बन्धी

कागजपत्रको नक्कल दिइने छैन भन्ने व्यवस्था रहेको उल्लेख गर्दै उक्त व्यवस्थाबमोजिम पुनरावेदकले माग गरेको कागजातहरुको नक्कल दिन नसकिएको बताइएको थियो। साथै, आयोगको परीक्षाको गोप्यता र संवेदशीलतालाई मध्यनजर गरी परीक्षासँग सम्बन्धित लिखत तथा कागजात गोप्य रहनेछन् र अदालतको आदेश भएकोमा बाहेक त्यस्ता कागजात सार्वजनिक गर्न आयोग बाध्य नहुने स्पष्ट कानुनी व्यवस्था रहेकोबाट आयोगका गोप्य कागजातहरुको गोपनीयता राख्नुपर्ने व्यवस्था बाध्यकारी रहेको र ऐ. दफा ५२ को उपदफा (२) को व्यवस्था आयोगले निर्धारण गरे बमोजिमका कागजात सम्बन्धित व्यक्तिलाई दिन सकिनेसम्मको व्यवस्था रहेको व्यहोरा उल्लेख गर्दै पुनरावेदन खारेज हुनु पर्ने जिकिर लिखित जवाफमा गरिएको छ।

सो विषयमा राष्ट्रिय सूचना आयोगको आदेशमा भनिएको छ, 'पुनरावेदकले माग गरेको विषय खुला र समावेशी पद गणना गर्ने विषयसँग मात्र सम्बन्धित देखिन्छ। जुन विषय सबैले थाहा पाउनु पर्ने विषय हो। गलत भएको रहेछ भने नागरिकले मूल्याङ्कन पनि गर्न पाउनु पर्दछ। गलत भएको छैन भने यस्ता विषय सार्वजनिक गर्दा सार्वजनिक निकायको बारेमा सकरात्मक सन्देश जाने देखिन्छ। सूचना मागकर्ताले माग गरेको बिषय सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) मा उल्लेखित सूचना प्रवाह गरिने छैन भन्ने बिषय भित्र परेको देखिँदैन। सूचना मागकर्ताले माग गरेको सूचना उपलब्ध गराउनु सार्वजनिक निकायको दायित्व भएको र सूचना सरल र सहज रुपमा उपलब्ध गराउँदा सार्वजनिक निकाय प्रतिको अपनत्वमा अभिबृद्धि हुन्छ। तसर्थ सूचना मागकर्तालाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १० को उपदफा (३) को खण्ड (क) अनुसार तपसिलको सूचना ३० (तीस) दिनभित्र उपलब्ध गराउनू भनी लोक सेवा आयोगको कार्यालय, कमलपोखरी, काठमाडौंको कार्यालय प्रमुखको नाममा यो आदेश जारी गरिएको छ।'

पुनरावेदकबाट माग भएका तपशिलमा उल्लेखित सूचना उपलब्ध गराउन आयोगबाट लोक सेवा आयोगका कार्यालय प्रमुखलाई आदेश भएको हो।

१. लोकसेवा आयोगमा उपसचिव तथा सहसचिव पदको खुल्ला तर्फ, १० प्रतिशत पदहरुको समावेशी पद गणना विधि अपनाउँदा कुन मिति देखि गणना गरिन्छ सो को लिखित विवरणको प्रमाणित प्रतिलिपि।
२. लोकसेवा आयोगमा उपसचिव तथा सहसचिव पदको खुल्ला तर्फ, १० प्रतिशत पदहरुको खुल्ला र समावेशी पद गणना विधि अपनाउँदा कुन निजामती सेवा ऐनलाई मान्ने?
   (क) निजामती सेवा (पहिलो संशोधन) ऐन २०५५ लालमोहर र प्रकाशन मिति २०५५।०३।२९
   (ख) निजामती सेवा (दोस्रो संशोधन) ऐन २०६४ प्रमाणिकरण र प्रकाशन मिति २०६४।०४।२३
   (ग) निजामती सेवा (तेस्रो संशोधन) ऐन २०७० प्रमाणिकरण र प्रकाशन मिति २०७०।१२।१२
   (घ) निजामती सेवा (चौँथो संशोधन) ऐन २०७२ प्रमाणिकरण र प्रकाशन मिति २०७२।११।१३
३. निजामती सेवा ऐन संशोधन भएको अवस्थामा कुन मितिबाट ती पदहरुलाई सुन्ना बनाई नयाँ गणना गर्ने सो को लिखित विवरण।
४. प्राप्त सूचनामा १०० पद नपुगे सम्म भनिएको छ ति १०० पद कुन मिति बाट गणना हुने?
   (क) निजामती सेवा (पहिलो संशोधन) ऐन २०५५ लालमोहर र प्रकाशन मिति २०५५।०३।२९
   (ख) निजामती सेवा (दोस्रो संशोधन) ऐन २०६४ प्रमाणिकरण र प्रकाशन मिति २०६४।०४।२३
   (ग) निजामती सेवा (तेस्रो संशोधन) ऐन २०७० प्रमाणिकरण र प्रकाशन मिति २०७०।१२।१२
   (घ) निजामती सेवा (चौँथो संशोधन) ऐन २०७२ प्रमाणिकरण र प्रकाशन मिति २०७२।११।१३
५. निजामती सेवा ऐन चौँथो पटक संशोधन जारी हुँदा सम्म पनि २०४९ मा जारी भएको सूचना उपलब्ध गराउनुको कारणको विवरण।
६. निजामति सेवा ऐन २०४९ जारी भएको कुन मिति देखि १०१ औं देखिका पदलाई पुन: गणना गर्ने? पुन: गणना गर्नका लागि गरिएको नितिगत निर्णय र टिप्पणी आदेशको प्रमाणित प्रतिलिपि। ■

## कर्मचारीको सरुवा/पदस्थापना

यस आयोगमा कार्यरत लेखा अधिकृत शर्मिला सुवेदी कृषि तथा पशुपन्छी मन्त्रालयमा सरुवा भइ मिति २०८१।१।१६ मा हाजिर हुन जानु भयो भने महालेखा नियन्त्रकको कार्यालयबाट सरुवा भइ लेखा अधिकृत अशोक न्यौपाने आयोगमा सोही दिन हाजिर हुनुभयो। विज्ञापन वोर्डबाट सरुवा भइ आउनु भएका शाखा अधिकृत दिनेश लुइटेल मिति २०८१।३।२४ मा आयोगमा हाजिर हुनुभयो। त्यस्तै आयोगमा कार्यरत शाखा अधिकृत सालिकराम भट्टराई सरुवा भइ मिति २०८१।३।२७ गते पर्यटन मन्त्रालयमा हाजिर हुन जानुभयो भने आयोगमा कार्यरत उप सचिव लक्ष्मण विक्रम थापा सरुवा भइ मिति २०८१।३।३० मा जिल्ला समन्वय समितिको कार्यालय काठमाडौमा हाजिर हुन जानुभएको थियो भने उप सचिव युवराज अधिकारी खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागबाट सरुवा भइ मिति २०८१।३।३१ गते आयोगमा हाजिर हुनु भएको छ ।

# आयोगको बैठकका निर्णय

## बैठक नं. २९४(३)५४
## मिति २०८१।०२।०९

**निर्णय नं. १**
**प्रस्ताव नं. १ को सम्बन्धमा :**
**निवेदक रुप्सना कपालीको निवेदनको विवरण :**

सरकारी कार्यालयहरूमा हुलाक तथा ईमेल मार्फत् पठाइएका निवेदनहरू प्राप्त भएपश्चात् निवेदकलाई दर्ता नम्बर तथा दर्ता मिति उपलब्ध हुँदैन। त्यसरी उपलब्ध हुने संयन्त्र नेपाल सरकारले बनाएको छैन।

मैले विगत लामो समय देखि नेपाल सरकार तथा नेपाल सरकार अन्तर्गतका विभिन्न सरकारी निकायहरूमा निवेदन पत्रहरू पठाइरहेको हुन्छु। त्यसमा ईमेल तथा हुलाक दुबै माध्यम प्रयोग गरिरहेको हुन्छु। त्यसरी निवेदन पत्र पठाइसकेपछी निवेदन प्राप्त भएको, नभएको कुनै जानकारी नै आउँदैन।

कुनै पनि सरकारी कार्यालयमा पठाइने कागजातहरूको दर्ता मिति तथा दर्ता नम्बर यकीन हुन निवेदकको लागि वाञ्छनीय रहन्छ। पछी गएर आफूले दिएको निवेदनमा केकस्तो कामकारवाही भयो, कुनै कामकारवाही भएको छ वा छैन भन्ने विषयमा जानकारी प्राप्त गर्न पनि दर्ता नम्बर तथा दर्ता मिति वाञ्छनीय हुन्छ।

सबै नागरिकहरू सबै अवस्थामा सबै सरकारी कार्यालयमा उपस्थित भएरै निवेदन पत्र दिन सक्छ भन्ने हुँदैन। विज्ञान र प्रविधिको विकास भइसकेको आधुनिक युगमा प्रविधिको प्रयोगलाई अन्यथा भन्न सक्ने अवस्था पनि रहँदैन।

संसदले विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ बनाई लागू गरिसकेको अवस्था समेत छ। यस ऐनमा प्रयुक्त विभिन्न प्रकारका प्रावधानहरूले नेपालमा विद्युतीय माध्यमबाट पठाइएका निवेदनहरूबाट पनि सरकारी निकायले कामकारवाही गर्न सक्ने अवस्था सृजना गरेको छ।

त्यसै गरी आफूले कुनै सरकारी निकायमा निवेदन दिएको भन्ने व्यहोरा प्रमाणित हुने निस्सा पनि दर्ता नम्बर तथा दर्ता मिति हो। प्रमाण ऐन, २०३१ को दफा १४, ३५ जस्ता व्यवस्था अनुसार प्रमाणमा प्रयोग गर्नका लागि पनि दर्ता नम्बर तथा दर्ता मिति निवेदकका लागि वाञ्छनीय सूचना रहन्छ।

सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा ८ बमोजिम नेपाल सरकारको प्रशासनिक कार्य छिटो छरितो ढङ्गले सञ्चालन गर्नु गराउनु सम्बन्धित पदाधिकारीको कर्तव्य हुने उल्लेख छ। सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली, २०६५ को नियम २५ (च) बमोजिम सूचना प्रविधिको प्रयोगबाट सेवा वितरणका कार्यहरू छिटो, छरितो र प्रभावकारी तुल्याउने भन्ने उल्लेख गरिएको छ।

नेपालको संविधानको धारा २७ बमोजिम प्रत्येक नागरिकलाई आफ्नो सरोकारको कुनै पनि विषयको सूचना पाउने हक छ। यस अनुसार आफूले सरकारी कार्यालयमा पठाएको निवेदन लगायतका कागजातको दर्ता नम्बर तथा दर्ता मितिको जानकारी पनि नागरिकको संविधान प्रदत्त सूचनाको हक हो। त्यसै गरी सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा (२) को (ख) बमोजिम "सूचना" भन्नाले सार्वजनिक निकायबाट सम्पादन हुने वा भएको कामसँग सम्बन्धित कुनै जानकारी सम्झनुपर्ने हुँदा नागरिकले हुलाक तथा ईमेलबाट पठाएको निवेदन दर्ता भएको भए दर्ता नम्बर तथा दर्ता मिति अथवा दर्ता नभएको भए दरपीठको सूचना प्राप्त गर्नु कानून प्रदत्त हक पनि हो।

तसर्थ सरकारी कार्यालयहरूमा हुलाक तथा ईमेल मार्फत् पठाइएका निवेदनहरू उक्त सरकारी कार्यालयमा प्राप्त भएपश्चात् प्राप्त भएको भन्ने व्यहोराको जानकारी सहित दर्ता नं तथा दर्ता मिति पाउनु नागरिकहरूको सूचनाको हक हो।

मैले यस विषयमा ध्यानाकर्षण गराई मिति नेपाल संवत् ११४४ सिला २ तदनुसार २०८० माघ ५ गते नेपाल सरकारलाई निवेदन दिएको थिएँ। तर उक्त निवेदनमा कुनै कामकारवाही भएको जानकारी प्राप्त भएन।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम सूचना आयोगको स्थापना भएको हो। ऐनको दफा ११ ले सूचनाको हकको संरक्षण, संवर्द्धन र प्रचलन गर्ने कामका लागि यस आयोगको स्थापना गरेको हो। ऐनको दफा १९ ले यस आयोगको काम, कर्तव्य तथा अधिकार तोकेको छ। दफा १९ (घ) बमोजिम यस आयोगले समय किटान गरी सूचना दिन सम्बन्धित निकायलाई आदेश दिन सक्छ। दफा १९ (ङ) बमोजिम दायित्व पालना गर्न गराउन सम्बन्धित पक्षलाई आदेश दिन सक्छ। दफा १९ (च) बमोजिम नेपाल सरकार लगायतलाई सूचनाको हकको संरक्षण र प्रवर्द्धनका लागि आवश्यक सुझाव दिन वा सिफारिस गर्न सक्छ। दफा १९ (छ) बमोजिम सूचनाको हकको संरक्षण, संवर्द्धन र प्रचलन गर्नको लागि आवश्यक पर्ने अन्य उपयुक्त आदेश दिन सक्छ।

तसर्थ नेपाल सरकारको नाउँमा देहायका आदेश जारी गरिपाऊँ।

१. कुनै पनि सरकारी कार्यालयमा हुलाक वा ईमेलबाट पठाइएको निवेदन लगायतका कागजात उक्त कार्यालयमा प्राप्त भए पछि सो निवेदन प्राप्त भएको मिति सहितको सूचना निवेदकलाई सात (७) दिन भित्र उपलब्ध गराउने व्यवस्था मिलाउनू।
२. सो निवेदन दर्ता भएको खण्डमा दर्ता मिति तथा दर्ता नम्बर अन्यथा दरपीठको सूचना निवेदकलाई सात (७) दिन भित्र उपलब्ध गराउने व्यवस्था मिलाउनू।
३. कार्यालयको मूल दर्ता शाखामा दर्ता भए पछि उक्त कार्यालयको पनि शाखा विशेष, विभाग विशेष वा कुनै हाँगा विशेषमा छुट्टै दर्ता हुने प्रावधान भएमा सो हाँगामा दर्ता भए पछि त्यहाँबाट पनि दर्ता मिति तथा दर्ता नम्बर अन्यथा दरपीठको सूचना निवेदकलाई सात (७) दिन भित्र उपलब्ध गराउने व्यवस्था मिलाउनू।
४. ईमेलको हकमा कुनै पनि कार्यालयमा निवेदन दर्ता गर्नुपरेमा निवेदन पठाउने कुन ईमेलमा हो भन्ने स्पष्टसँग उक्त कार्यालयको वेबसाइटमा उल्लेख गर्ने व्यवस्था मिलाउनू।

**आयोगको विश्लेषण तथा ठहर**

नेपालको संविधानको धारा २ मा नेपालको सार्वभौमसत्ता र राजकीय सत्ता नेपाली जनतामा निहित हुनेछ भनी उल्लेख भएको छ। नेपालको संविधान र प्रचलित कानूनहरुको अधिनमा रही सार्वजनिक निकायहरुले सर्वसाधारण नागरिकका हितमा विभिन्न कार्यहरु सम्पादन गर्ने गर्दछन्। साथै सार्वजनिक निकायहरुबाट प्रदान हुने सेवा वा वस्तु प्राप्त गर्न सर्वसाधारण नागरिकले सार्वजनिक निकायहरुमा आवेदन गर्ने व्यवस्था रहेको छ। सर्वसाधारण नागरिकले सार्वजनिक निकायमा आवेदन गर्दा आफै उपस्थित भएर, हुलाकमार्फत, फ्याक्स, इमेल तथा प्रचलित अन्य माध्यमहरुको प्रयोग गर्ने गरेका छन्। सूचना प्रविधिको विकास सँगसँगै सार्वजनिक निकायहरुले आफ्नो कृयाकलापलाई सहज र सरल बनाउन सूचना प्रविधिको प्रयोग बढाउँदै लगेका छन्।

सूचना प्रविधिमा ठूलो लगानी पनि भैरहेको छ। परम्परागत रुपमा आवेदन पेश गर्दा सबै सार्वजनिक निकायले आवेदन दर्ता गरी दर्ता नम्बर दिने प्रचलन र कानूनी व्यवस्था रहेको छ। सूचना प्रविधिको प्रयोग बढ्दै जाँदा सार्वजनिक निकायले मात्र नभै सर्वसाधारण नागरिकले पनि अनलाईन सेवा वा इमेल मार्फत आवेदन दिने प्रचलन बढ्दै गरेको छ। यसरी सूचना प्रविधिको प्रयोगसँगै इमेल मार्फत वा अनलाइन कारोवार गर्दा सार्वजनिक निकायले सर्वसाधारणको आवेदन दर्ता भएको र आवेदन उपर भएको कारबाही बारेमा इमेल वा अनलाईन वा अन्य माध्यम मार्फत नै जानकारी दिने विषयलाई त्यति प्रभावकारी बनाउन सकिएको अवस्था देखिँदैन। नेपाल सरकार वा सार्वजनिक निकायहरुले कार्य सम्पादन गर्ने कार्य सञ्चालन कार्यविधि परिमार्जन गरी यस्तो व्यवस्था गर्न आवश्यक भैसकेको छ। कतिपय सार्वजनिक निकायले प्रचलनमा ल्याएका सूचना प्रविधि प्रणालीले त्यस्तो कार्य सम्पादन गरेका पनि छन्। जस्तै पासपोर्ट आवेदन, राष्ट्रिय परिचय पत्र आवेदन, ड्राइभिङ्ग लाइसेन्स आवेदन जस्ता विषयहरुमा एसएमएस (SMS), इमेलबाट जानकारी दिने व्यवस्था प्रभावकारी रुपमा सम्पादन भैरहेको अवस्था छ।

यस अवस्थामा आवेदकले यस आयोगमा पेश गरेको निवेदनमा उल्लेखित विषयहरु सान्दर्भिक र उपयुक्त देखिन्छ। सर्वसाधारण नागरिक प्रति जिम्मेवार हुनु पर्ने सार्वजनिक निकायले आफ्नो प्रणाली स्थापना गर्दा वा बनाउँदा सर्वसाधारणलाई सूचित, सरल र सहज बनाउन प्रयास गर्नु पर्ने हुन्छ। यो विषय सार्वजनिक निकायको दायित्व भित्र नै पर्ने विषय हो। आवेदन चाहे इमेलबाट प्राप्त होस वा हुलाकबाट प्राप्त होस वा अन्य कुनै माध्यमबाट प्राप्त होस त्यसको अभिलेख राखी दर्ता नम्बर उपलब्ध गराउनु पर्ने दायित्व स्वाभाविक रुपमा सार्वजनिक निकायले पूरा गर्न आवश्यक र जरुरी रहेको छ।

उल्लेखित विषयको कार्यान्वयनका लागि सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ को खण्ड (ङ) बमोजिम देहायको कार्य गर्न गराउन संघीय सार्वजनिक निकायका हकमा नेपाल सरकारका मुख्य सचिव मार्फत, प्रदेशका सार्वजनिक निकायका हकमा प्रदेश सरकारका प्रमुख सचिव मार्फत र स्थानीय तहका सार्वजनिक निकायका हकमा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत मार्फत आदेश गर्ने।

१. सर्वसाधारण नागरिकले सूचना माग सम्बन्धी निवेदन आफै, वारिस मार्फत, हुलाक मार्फत, इमेल मार्फत वा अन्य उपलब्ध जुनसुकै माध्यमबाट पेश गरेता पनि त्यस्तो निवेदन दर्ता गरी दर्ता नम्बर आवेदकलाई उपलब्ध गराउने अनिवार्य व्यवस्था गर्नू।
२. नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा अन्य सार्वजनिक निकायले पनि कार्य सञ्चालन सम्बन्धी कार्यविधि, नियम, निर्देशिका र कानून निर्माण गर्दा प्रविधिका कारण विकसित भएका माध्यम वा प्रणालीलाई पनि समावेश गरी सूचना माग सम्बन्धी निवेदन दर्ता गर्ने गराउने व्यवस्था गर्नु गराउनू।
३. सार्वजनिक निकायहरु विस्तारै सूचना प्रविधिको माध्यमबाट स्वचालित प्रणालीमा गइरहेको अवस्थामा सूचना मागसम्बन्धी निवेदन जुनसुकै माध्यमबाट प्राप्त भएता पनि त्यस्तो स्वचालित प्रणालीमा दर्ता हुने र स्वत: दर्ता नम्बर सृजना र निवेदकलाई उपलब्ध गराउने प्रणाली राख्ने व्यवस्था गर्नु गराउनू।
४. सूचना प्रविधिको बढ्दो प्रयोगसँगै सार्वजनिक निकायहरुमा इमेलको प्रयोग अनिवार्य भएको र सुशासनको हिसाबबाट पनि इमेलको माध्यमबाट निवेदन लिने व्यवस्था गर्नु वान्छनीय ठहर्छ। यसका लागि प्रत्येक सार्वजनिक निकायले सर्वसाधारण नागरिकले सूचना माग गर्दा प्रयोग गर्ने इमेल अनिवार्य रुपमा आफ्नो वेबसाइटमा राख्न लगाउनु, यस आयोगको कार्यविधि तथा पूर्व आदेशमा उल्लेख भए बमोजिम suchanaadhikari@……gov.np प्रयोग गर्न प्रोत्साहन गर्नु गराउनू।
५. सूचना माग गर्ने सर्वसाधारण नागरिकलाई सूचना उपलब्ध गराउँदा सम्भव भएसम्म इमेल, हुलाक वा अन्य सहज माध्यमको प्रयोग गरी सूचना उपलब्ध गर्न गराउन लगाउनू।

**निर्णय नं. २**

प्रस्ताव नं. २ को सम्बन्धमा राष्ट्रिय सूचना आयोग र श्रीलंकाको RIGHT TO INFORMATION COMMISSION, SRI LANKA बीचमा गर्न प्रस्ताव गरिएको आपसी सहयोग सम्बन्धी समझदारी पत्र (Memorandum of Understanding) मा श्रीलंकाको सूचना आयोग तथा श्रीलंका सरकारको स्वीकृति रहेको (केही संशोधन सहित) MOU को अन्तिम मस्यौदा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको च. नं. प्रशासन २७४० मिति २०८१।०२।०५ को पत्रसाथ प्राप्त भएको विषयमा छलफल भयो। श्रीलंका सरकारको तर्फबाट प्राप्त संशोधनका प्रस्तावहरुका बारेमा पनि बुँदागत रुपमा छलफल भयो। प्राप्त बुँदाहरुमा सहमत हुनु नपर्ने वा समझदारी पत्रमा त्यस्तो तात्विक रुपमा फरक पर्ने कुनै विषय नदेखिएकोले परिमार्जित सम्झौता पत्र (MOU) स्वीकृत गरी नेपाल सरकारको स्वीकृतिका लागि पठाउने निर्णय भयो।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ को सम्बन्धमा आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमको प्रस्ताव सम्बन्धमा छलफल भयो। बाँकी कार्यक्रमहरु समयभित्र सम्पन्न गर्ने निर्णय गरियो।

**विविध**

१. मनसुन शुरु हुने बेला भएको छ। प्रत्येक वर्ष मनसुनको समयमा हुने बाढी-पहिरोका कारण जनधनको क्षति र भौतिक पूर्वाधारमा पर्ने गरेको क्षतिका कारण सर्वसाधारण नागरिकलाई गम्भीर असर पर्ने गरेको छ। यस वर्ष पनि मनसुन शुरु हुन लागेको र यस वर्ष थप वर्षा हुने तथा तापक्रम बढी रहने प्रक्षेपण भएको विषय पनि जानकारीमा आएको छ। समय मै उक्त विषयहरु लगायत सार्वजनिक निकायहरुले सचेत रहन गर्न सक्ने तैयारीका सम्बन्धमा सर्वसाधारण नागरिकलाई सुसूचित गराउन सकिएमा बाढी-पहिरोबाट हुन सक्ने जनधनको क्षतिलाई कम गर्न सकिन्छ। यस्ता विषयहरुमा सर्वसाधारणलाई सूचना दिने प्रणालीको विकास तथा सञ्चालन गर्न उपयुक्त हुने देखिन्छ। कतिपय सार्वजनिक निकायहरुले पूर्व तयारी गरिरहेको विषय पनि जानकारीमा आइरहेको छ। तसर्थ यस्ता विषयमा भइरहेको तयारी र विगतमा यस्ता प्रयासबाट भएको उपलब्धिका बारेमा देहाय बमोजिमका निकायबाट ७ (सात) दिनभित्र विस्तृत विवरण माग गर्ने निर्णय गरियो।

   १. गृह मन्त्रालय
   २. उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
   ३. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
   ४. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
   ५. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
   ६. राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
   ७. जल तथा मौसम विज्ञान विभाग

२. सार्वजनिक निकाय तथा सूचना मागकर्ताका लागि तयार भएको सहयोगी पुस्तिका अंग्रेजीमा उल्था गर्ने कार्य भइरहेको सन्दर्भमा कम्तिमा २००/२०० प्रति छपाई समेत गर्ने व्यवस्था हुन The Asia Foundation/CSM मा अनुरोध गर्ने।

३. भदौ ३ मा हुने राष्ट्रिय सूचना दिवस सम्बन्धी कार्यक्रम र सेप्टेम्बर २८ मा हुने सूचनाको हकमा विश्वव्यापी पहुँच सम्बन्धी अन्तर्राष्ट्रिय दिवस सम्बन्धी कार्यक्रम आयोजना गर्न आवश्यक पर्ने सहयोग गर्ने व्यवस्थाका लागि The Asia Foundation/CSM मा अनुरोध गर्ने।

## बैठक नं. २९५(३)५५
## मिति २०८१।०२।१८
## निर्णय

**निर्णय नं. १**

प्रस्ताव नं. १ को सम्बन्धमा बदिबलक्ष्ब को त्च्चबलब मा यही जुन ३ देखि ५ सम्म सूचना आयुक्तहरुको अन्तर्राष्ट्रिय वार्षिक सम्मेलन हुन गइरहेको र सम्मेलनको कार्यसूची अनुसार सम्मेलन अगावै जुन २ अर्थात जेठ २० गतेभित्र (ICIC) समितिको अध्यक्ष र २ जना सदस्यका लागि अनलाईन भोटिङ्गका माध्यमबाट निर्वाचनमा मतदान गरिसक्नु पर्ने व्यवस्था रहेको छ। उक्त निर्वाचनमा कार्यकारी अध्यक्षका लागि Mexico / Sierra Leone उम्मेदवार रहेको र सदस्यका लागि Australia, Azerbaijan, France, Kenya, Scotland, United States उम्मेदवार रहेको छ। उक्त सूचीमा नेपालको तर्फबाट कार्यकारिणी समितिको अध्यक्षका लागि र सदस्य २ का लागि १/१ मत प्रदान गर्न सकिने र उक्त मतदान विद्युतिय माध्यमबाट देखि जुन २ सम्म गरिसक्नु पर्ने भएको हुँदा अध्यक्ष र सदस्यका हकमा कुन कुन देशको लागि मतदान गर्न उपयुक्त हुने सम्वन्धमा आवश्यक निर्देशन हुन यस आयोगको च. नं. ५४३ मिति २०८१।०१।२५ को पत्रबाट सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सिंहदरबार समक्ष अनुरोध गरिएकोमा परराष्ट्र मन्त्रालयको च. नं. १०७५२ मिति २०८१।०२।१८ को पत्र मार्फत प्राप्त राय अनुसार मतदान गर्ने निर्णय गरियो।

**विविध**

विविध प्रस्ताव उपर छलफल गर्दा आर्थिक वर्ष २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत तोकिएको लक्ष्य बमोजिमका कार्यक्रमहरु सम्पन्न भइसकेपश्चात् कुनै कार्यक्रमहरुमा केही बजेट खर्च हुन बाँकी देखिएको हुँदा बाँकी बजेट सोही शीर्षक अन्तर्गतका थप कार्यक्रम गर्न आवश्यक भएकोले थप कार्यक्रम गर्ने निर्णय गरियो।

## बैठक नं. २९६(३)५६
## मिति २०८१।०२।३२
## निर्णय

**निर्णय नं. १**

प्रस्ताव नं. १ को सम्बन्धमा आर्थिक वर्ष २०८१/८२ को स्वीकृत बजेट तथा कार्यक्रम र कार्यक्रम कार्यान्वयन कार्ययोजना बारेमा सचिवालयबाट प्रस्तुत भएको विवरण बारेमा छलफल भयो। स्वीकृत कार्यक्रम मध्ये सफलताको कथा सम्बन्धी विवरण संकलन यहि आर्थिक वर्षको असारमा प्रारम्भ गर्ने भएकोले संकलन कार्यका लागि सूचना निकाल्ने। स्वीकृत कार्यक्रमहरु सञ्चालन गर्ने सम्बन्धमा सञ्चालन तथा सुपरीवेक्षणका लागि आयुक्तहरुको जिम्मेवारी बाँडफाँड संलग्न विवरण बमोजिम गर्ने।

**निर्णय नं. २**

प्रस्ताव नं. २ को सम्बन्धमा जल तथा मौसम विज्ञान विभागका अनुसार नेपालमा मनसुन सुरु भइसकेको छ। मनसुन अवधिमा नेपालभर निरन्तर वर्षा हुने गर्दछ। राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार सामान्यतया नेपालमा हुने कूल वर्षाको लगभग ८० प्रतिशत मनसुनी वर्षाको रूपमा जेठदेखि असोजसम्मको चार महिनाको अवधिमा हुने गर्दछ। यसरी छोटो अवधिमा निरन्तर र ठूलो मात्रामा वर्षा हुँदा प्रत्येक वर्ष हुने विपदका घटनाका कारण नेपालमा बर्षेनी ठूलो मात्रामा जनधन तथा भौतिक संरचनाको क्षति हुने गरेको छ। मनसुनको अवधिमा बाढी, पहिरो तथा भारी वर्षा हुने गरेको छ। साथै यही अवधिमा मनसुनकै कारण वा अन्य कारणबाट पनि झाडापखालाजस्ता पानीजन्य, सर्पदंश, डेङ्गु, मलेरियालगायत किटजन्य प्रकोप बढ्ने गर्दछ।

बाढी पहिरोबाट विस्थापित हुने परिवार, झाडापखालाजस्ता पानीजन्य रोगबाट प्रभावित परिवार तथा भौतिक संरचनामा हुने नोक्सानीबाट प्रभावित यातायात तथा सञ्चारलगायतका क्षेत्रमा तत्काल पुनर्स्थापना र राहतका कार्यहरू गर्नुपर्ने हुन्छ। यसका लागि नेपाल सरकार तथा स्थानीय तहका विभिन्न निकायहरूमार्फत् पूर्वतयारीका कार्य भइरहेका

छन् । यसरी भइरहेको तयारी तथा विपदका बारेमा बेलैमा सम्पर्क गर्ने, विपदको समयमा सुरक्षित रहन गर्नु पर्ने र सावधानी अपनाउनु पर्ने विषय तथा गर्न नहुने कार्यबारे समयमै सर्वसाधारण नागरिकका तहमा पुऱ्याउन सकियो भने मात्र जनधनको क्षतिलाई न्यूनीकरण गर्न सकिन्छ भन्ने विश्वास आयोगको रहेको छ ।

यसै सन्दर्भमा सम्बन्धित निकायहरूलाई तयारी तथा सूचना प्रवाह गर्ने प्रणालीका बारेमा विवरण पठाउन पत्राचार गरिएकोमा केही निकायले विवरण उपलब्ध गराइसकेको अवस्था छ । उपलब्ध कागजात तथा विवरणहरूको अध्ययन तथा विश्लेषण गर्दा नेपाल सरकार गृह मन्त्रालय, उर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव, जल तथा मौसम विज्ञान विभागका महानिर्देशक, राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुखका नाममा देहायबमोजिम गर्न गराउन सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ को खण्ड (ङ) बमोजिम आदेश जारी गर्ने निर्णय गरिएको छ ।

क. मनसुनजन्य विपदका बारेमा सर्वसाधारण नागरिकले बुझ्ने भाषामा अर्थात् नेपालको संविधानको धारा ६ तथा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ४ को उपदफा (३) बमोजिम विभिन्न राष्ट्र भाषामा प्रचारप्रसार गर्ने गराउने ।
ख. विपदका समयमा विपद आउनु अगावै सर्वसाधारण नागरिकलाई दिन सकिने पूर्व सूचना प्रणालीका बारेमा के-कसरी प्रयोग उपयोग गर्ने बारेमा जानकारी दिने ।
ग. विपदका समयमा सम्पर्क गर्ने, गर्न सकिने, सम्पर्क व्यक्ति, सम्पर्क नम्बर सर्वसाधारण नागरिकले थाहा पाउने गरी जानकारी दिने व्यवस्था गर्ने ।
घ. विपदमा परेका सर्वसाधारण नागरिकले राहत वा स्वास्थ्य उपचारका लागि सम्पर्क गर्ने व्यक्ति तथा सम्पर्क नम्बरका बारेमा जानकारी गराउने ।
ङ. विपदका समयमा भएका उल्लेखित व्यवस्थाहरूका बारेमा सञ्चारमाध्यम, विद्यालय तथा अन्य संस्थाहरूमार्फत् पनि व्यापक रुपमा प्रचार-प्रसार गर्ने ।
च विपद तयारी तथा अन्य आवश्यक विषयवस्तुका बारेमा विभिन्न सञ्चार माध्यम, सामाजिक सञ्जाल तथा उपलब्ध हुन सक्ने अन्य माध्यमहरुको उपयोग गरी सर्वसाधारण नागरिकसम्म पुऱ्याउने ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ को सम्बन्धमा यस आर्थिक वर्षमा बाँकी भएका कार्यक्रमहरु समय मै सम्पन्न गर्ने गरी सचिवालयबाट प्राप्त राय बमोजिम गर्ने ।

## बैठक नं. २९७(३)५७
## मिति २०८१।०३।१४
## निर्णय

**निर्णय नं. १**

१. आगामी आर्थिक वर्षको वार्षिक कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धमा गत वर्षबाट दोहोरिएका कार्यक्रमहरुका लागि गठीत समितिहरु यथावत रहने गरी नयाँ कार्यक्रमहरु कार्यान्वयनका लागि मिति २०८१।०२।१८ को आयोगको बैठकबाट आयुक्तहरुको कार्यविभाजन भए बमोजिमको समिति बनाउने ।

**निर्णय नं. २**

सूचनाको हकका लागि राष्ट्रिय महासंघको मिति २०८१।०३।०४ मा प्रकाशित प्रेश विज्ञप्तिमा उल्लेख भएको महासघसँग आवद्ध अभियन्ताहरुलाई सूचना मागेकै कारण बौद्ध महानगरीय प्रहरी वृतबाट खटिएका प्रहरीले पक्राउ गरी हालसम्म पनि हिरासतमा नै राखिएको विषयमा यस अयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

यस विषयमा सत्यतथ्य छानवीन गरी यस आयोगमा जानकारी गराउन जिल्ला प्रशासन कार्यालय, काठमाडौंका प्रमुख जिल्ला अधिकारीलाई मिति २०८१।०३।०४ मा पत्र लेखिएकोमा हालसम्म कुनै जानकारी प्राप्त भएको देखिएन ।

नेपालको संविधानको धारा २७ र सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले सूचनाको हकसम्बन्धी अधिकार प्रयोग गर्न गराउन प्रत्येक नेपाली नागरिकलाई प्रत्याभुत गरेको संबैधानिक र कानूनी अधिकारको विषय हो ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ४ को उपदफा (३) को खण्ड (ख) ले सूचनामा आम नागरिकको पहुँच सरल र सहज बनाउने दायित्य सार्वजनिक निकायको हुने व्यवस्था गरेको छ । यसर्थ सूचनाको हकसम्बन्धी अधिकार प्रयोग गरेवापत कुनै पनि नेपाली नागरिकलाई अवरोध वा वञ्चित गर्न संवैधानिक तथा कानूनी रुपमा वर्जित विषय हो । अत: सूचना माग गरेको कारणबाट सूचना मागकर्तालाई प्रहरीले हिरासतमा राखेको हो भने त्यस्तो कृयाकलाप नेपालको संविधान र कानून विपरीत हुन पुग्दछ र त्यस्तो कृयाकलाप गर्ने सार्वजनिक निकायका पदाधिकारी वा कर्मचारीले कानूनी कारवाही भोग्नु पर्ने अवस्था आउन सक्ने तर्फ आयोग ध्यानाकर्षण गराउन चाहन्छ ।

यस विषयमा अविलम्व छानबिन गरी सूचनाको हक प्रयोग गरेकै कारणबाट निजहरुलाई हिरासतमा राखिएको अवस्था भए सम्बन्धित पदाधिकारी तथा कर्मचारी उपर विभागीय कारवाही गरी जानकारी गराउन गृह मन्त्रालयका सचिवलाई र के कस्को जाहेरीबाट यसरी पक्राउ गर्न परेको भन्ने बारेमा परेको जाहेरीको प्रतिलिपी र अनुसन्धानमा असर नपर्ने गरी अन्य कागजातहरु उपलब्ध गराउने व्यवस्था गर्न प्रहरी महानिरीक्षकलाई लेखि पठाउने । यस विषयमा आवश्यक समन्वय र सहजीकरण गर्न यस आयोगका आयुक्त कमला ओली थापा र उपसचिव सुदर्शन ढकाललाई जिम्मेवारी दिने ।


**३.विविध**

**निर्णय नं. १**


यस आर्थिक वर्षमा एशिया फाउण्डेशनको सहयोगमा गरिने कार्यक्रमहरु मध्ये आरटिआई क्याम्प सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने भनिएका सहयोगी संस्थाहरु मध्ये कतिपयले कार्यक्रम नगर्ने भनेको सन्दर्भमा कार्यक्रम गर्न चाहने संस्थाले तोकिएको २ भन्दा बढी कार्यक्रम पनि गर्न दिने व्यवस्था मिलाउन एशिया फाउण्डेशनलाई अनुरोध गर्ने निर्णय गरियो ।




नेपाली भाषा





अङ्ग्रेजी भाषा





अवधी भाषा




भोजपुरी भाषा




मैथिली भाषा




थारू भाषा

**सम्पादक मण्डल :** **रत्नप्रसाद मैनाली** (सूचना आयुक्त), **युबराज अधिकारी** (नि. सचिव), **हरिहर कार्की** (शाखा अधिकृत)
**सल्लाहकार :** **महेन्द्र मान गुरुङ** (प्रमुख सूचना आयुक्त), **कमला ओली थापा** (सूचना आयुक्त)

**प्रकाशक :**

**राष्ट्रिय सूचना आयोग**

**सूचना आयोग भवन**, त्रिपुरेश्वर, काठमाडौँ, नेपाल, **फोन नं :** ०१-४५९६५४४, **फ्याक्स नं :** ०१-४५९६५४५ **वेबसाइट :** nic.gov.np **इमेल :** info@nic.gov.np

/rtinepal /suchanaayog

राष्ट्रिय सूचना आयोग र युएसएआईडी नेपालको सहकार्यमा प्रकाशित। यस प्रकाशनभित्रका विषयवस्तु र सामग्री राष्ट्रिय सूचना आयोगको एकल जिम्मेवारी हुन्छ र यसले अमेरिकी सरकार, युएसएआईडी वा द एशिया फाउण्डेशनको विचार प्रतिविम्बित गर्छन भन्ने जरूरी छैन।

USAID अमेरिकी जनताबाट

CIVIL SOCIETY & MEDIA STAND

The Asia Foundation